श्री जगन्नाथ

वैष्णववादको भक्तिधाराले ओतप्रोत सनातनी नेपाली समाज धर्मप्रधान रहिआएको छ। अहिलेको जस्तो उहिले यातायातको उपयुक्त प्रबन्ध नभए तापनि धार्मिक भावनाले प्रेरित भएर पुण्यप्राप्ति एवं धर्मवृद्धिका लागि (राज्यभित्र र बाहिरका) टाढाका तीर्थस्थल एवं देवमन्दिरहरूमा जान हत्केलामा जन्मदाको चिनो थापेर शिर चढाई जाने चलन प्राचीन कालदेखि वर्तमान समयसम्म पनि प्रचलित रहँदै आएको बुझिन्छ । मध्यकालमा तन्त्रप्रधान मिश्रित धार्मिक परम्परा जनजीवनमा प्रवलरूपमा लोकप्रिय हुँदै जान थालेको सन्दर्भमा एक स्थानमा प्रसिद्ध देवदेवीलाई तान्त्रिक विधिपूर्वक अर्को चाहेको स्थानमा प्रतिष्ठापित गरी पूजा उपासना एंव जात्रा गर्ने चलन थियो । फलस्वरूप, निकै टाढासम्म कठीन एवं जोखिमपूर्ण यात्रा गरी तीर्थस्थलमा देवदेवीका दर्शन पूजन गर्न जान नसक्ने असक्त भक्तजनहरूका लागि पनि शासकवर्ग, भारदार एवं समाजका सम्पन्न प्रतिष्ठित वर्गले विकल्पका रूपमा बेलाबखतमा प्रसिद्ध तीर्थस्थल एवं देवमन्दिरका देवदेवीहरूलाई विधिपूर्वक आफ्नो राज्यका खास स्थानहरूमा स्थापना गर्न लगाएको कुरा सम्बद्ध प्रमाणहरूको अध्ययन, स्थलगत अवलोकन आदिको आधारमा जान्न सकिन्छ। नेपाल अधिराज्यभित्रका प्रसिद्ध देवीदेवताहरू र तीर्थस्थलमा भक्तपुरको मूल तलेजु भवानी, काठमाडौंको पशुपतिनाथ, गुह्येश्वरी, पाटनको हरसिद्धि (जल द्यः), गोरखाको मनकामना माई, दोलखाको भीमसेन, गोसाइकुण्ड आदिलाई लिन सकिन्छ। पशुपतिनाथको विकल्पको रूपमा राजा यक्षमल्ल (वि.सं.१४८५-१५३८)को स्मृतिमा उनका रानीले वि.सं.१५४१ मा आफ्ना स्व.पतिकै नाममा निर्माण गर्न लगाएको यक्षेश्वर मन्दिर भक्तपुरको स्थानीय जनजीवनमा भक्तपुरको पशुपतिनाथका रूपमा प्रसिद्ध छन् । भक्तपुरको इनागाल टोलमा अवस्थित हरसिद्धिको विकल्परूपको मूर्ति स्थानीय बासिन्दाहरूमा जल द्यः को रूपमा मानिन्छ । गोरखाको मनकामनामाईस्थान जान नसक्ने भक्तपुरका बासिन्दाहरू भक्तपुरदरबारक्षेत्रबाट पूर्वपट्टि, चतुब्रह्म महाविहारबाट उत्तरतर्फ दक्षिणाभिमुख (बाटोको भित्तामा स्थापित) प्रस्तरलाई मनकामनामाईका रूपमा मान्छन् ।

इनागाल टोल (दूधपाटी) को प्रसिद्ध सिद्धपोखरीको उत्तरतर्फ अवस्थित कुण्डलाई यहाँका बासिन्दाहरू गुह्येश्वरी कुण्ड (हेवज्र नैरात्मा)का रूपमा मान्दछन्। भक्तपुरको मूल तलेजुभवानीकै विकल्पका रूपमा कान्तिपुर र ललितपुरमा राज्य विखण्डन पछि तलेजु आगममन्दिरहरू स्थापना भएका थिए। गोसाइकुण्ड जान असमर्थ भक्तजनहरू भक्तपुरको कालदह नामको पोखरी (कालदह पुखू)लाई गोसाइकुण्डको रूपमा मान्दछन् ।

हिन्दूहरूमाझ भारतका प्रसिद्ध चारधाम : १. सत्ययुगको धाम - **बद्रीनाथ**, उत्तराखण्ड २.त्रेतायुगको धाम -**रामेश्वरम**, तमिलनाडु ३.द्वापरयुगको धाम - **द्वारका**, गुजरात ४.कलियुगको

धाम उडीसा, पुरीका **जगन्नाथ** हुन् । यी चारधामकै पनि छोटो चारधामका रूपमा उत्तराखण्डस्थित **यमुनोत्री, गंगोत्री, केदारनाथ** र **बद्रीनाथ** उत्तरभारतमा प्रसिद्ध छन् । सोही सदृश भक्तपुर राजदरबारस्थित **बद्रीनाथ, रामेश्वर/केदारनाथ, द्वारकानाथ र जगन्नाथ** चारधामका रूपमा प्रसिद्ध छन् । चारधामको अवधारणा र तदनुरूपका मूर्ति मन्दिरहरू ललितपुर लगायत कान्तिपुरमा पनि छन् । हिन्दू मान्यता अनुसार सत्ययुगमा भगवान् विष्णुले नर-नारायण अवतार धारण गरी बयरवृक्ष (संस्कृत नाम **बदरी**)ले ढाकिएको बद्रीका-वनमा तपस्या गरेका थिए । त्यसबखत माता लक्ष्मीले **बदरी** (बयरवृक्ष) बनेर नरनारायणलाई घाम र वर्षाबाट बचाएकी थिइन् । तपस्यापछि नर-नारायण खुसी भएर मेरो नाम लिनु अघि सबैले तिम्रो नाम पहिले पुकारून् भनी वरदान दिए । यसो हुँदा हिन्दूहरू सदैव 'लक्ष्मी-नारायण' पुकार्छन् । र, सोही अनुरूप सो पवित्र स्थल बद्रीकावन बद्रीनाथ कहलियो । यी सबै कुरा सत्ययुगमा भएको थियो । यही मान्यता अनुरूप नै बद्रीनाथ सत्ययुगको प्रतीक प्रथम दर्शनीय धामको रूपमा मान्यपूज्य रहिआएको विदित हुन्छ । त्रेतायुगमा रामले शिवबाट वरदान पाउन शिवलिङ्ग बनाएका थिए । रामका ईश्वर सोही शिवलिङ्ग रामेश्वर कहलिएका हुन् । द्वापरयुगमा श्रीकृष्णले आफ्नो जन्मस्थान मथुराको सट्टा द्वारकालाई नै निवासस्थान बनाए, राजधानी नगर तुल्याए । अहिलेको युगको अवतारको रूपमा पुरीका **जगन्नाथ**लाई भगवान् विष्णु रूपमा पुजिन्छ । । यसैले जगन्नाथपुरीलाई कलियुगको पावन धाम मानिन्छ ।

जगन्नाथ अर्थात् जगत्का नाथ, जगदीश । जगन्नाथ अर्थात् एकात्म भावले मिल्ने भगवान् विष्णुको कृष्ण+सुभद्रा+बलभद्र/तीन देवताको संयुक्त मूर्ति रूप दर्शन । जगन्नाथ अर्थात् सर्वोच्च देव : परब्रह्म परमात्मा पुरुषोत्तम, शून्य पुरुष । हिन्दुहरूले उच्च श्रद्धाभक्तिपूर्वक मान्दैपुज्दै आएका, विष्णुकै एक अवतार, वैष्णव सम्प्रदायका देवता : जगन्नाथ । जगन्नाथ अर्थात् भगवान् श्रीकृष्ण, उनका दाजु बलभद्र (बलराम) र बहिनी सुभद्रा । कृष्णभक्तिमा चुर्लुम्म डुबेका वैष्णवहरू जगन्नाथलाई कृष्ण/विष्णुको मूल अंश वा सार मान्छन् । जगन्नाथ वैदिक तान्त्रिक देवता हुन् । जगन्नाथलाई शैव शाक्त तान्त्रिक परम्परामा भैरव/भैरवीकै समरूपक अवतारमा पूजा उपासना गर्ने परम्परा पनि रहिआएको विदित हुन्छ । जगन्नाथ/कृष्णको बलभद्रलाई भैरव/शिव रूपमा र सुभद्रालाई दुर्गाको अवतारको रूपमा मान्ने परम्परा पनि रहेको छ । मार्कण्डेय पुराणमा ऋषि मार्कण्डेयले पुरुषोत्तम जगन्नाथ र शिव एकै हुन् भनेका छन् । जगन्नाथ हिन्दुहरूका माझ विशेषगरी चारधाम अन्तर्गतका देवताका रूपमा लोकप्रिय रहिआएको छ । **कूर्म, भविष्य, ब्रह्मवैवर्त, नृसिंह, अग्नि, ब्रह्म** लगायत **पद्म** आदि पुराणमा जगन्नाथका मूर्ति एवं तीर्थस्थलबारे अनेक कथा एवं माहात्म्य उल्लेख भएको पाइन्छ (राणाप्रसाद शर्मा,१९८६, **पौराणिक कोष**, ज्ञानमण्डल लिमिटेड, वाराणसी : पृ १७९)। ऐतिहासिक साक्षतिर दृष्टि दिँदा भारत तथा भारतकै सन्दर्भमा नेपालमा प्राचीनकालतिरै जगन्नाथको अवधारणा प्रचारमा आइसकेको देखिन्छ । कुनै एक दूरस्थस्थानमा विकसित संस्कृति र त्यसको लोकप्रिय प्रवाह र त्यस्तो प्रवाह-विशेषले अर्को दूरस्थस्थानको सांस्कृतिकजीवनमा पार्ने प्रभावलाई भौगोलिक दूरीले समेत छेक्दो रहेनछ ।

सांस्कृतिक सान्निध्यता, सामिप्यता, सांस्कृतिक-आदानप्रदान आदि उपल्लो कुरा हुने रहेछ। उदाहरण उडीसाको पुरीस्थित जगन्नाथमन्दिरलाई लिउँ जुन यस जगतका सारा हिन्दुहरूका माझमा विशेष प्रसिद्ध छन् । 'साक्षात् विष्णु' कै रूपमा विख्यात कालो सालिग्राम नेपालको कालीगण्डकीमा मात्र प्राप्त छ । नेपाल, भारतमा प्रचलित मान्यता अनुसार पुरीस्थित जगन्नाथमन्दिरको रत्न-वेदी एक लाख सालिग्रामले बनेको छ जुन नेपालका राजाले उपहारस्वरूप चढाएका थिए (Sk. Makbul Islam,2012, **Sri Jagannath of Nepal**, Avenel Press, Kolkata : pp. 16) । पुरी जगन्नाथमन्दिरको सो रत्न-वेदीमा तीन अति विशेष व्यक्तिहरूले मात्र प्रवेश पाउने विधान रहेको छ : १.पुरीका राजा (गजपति), २.नेपालका राजा र ३. जगन्नाथमन्दिरका मूलपूजारी (ऐजन, पृ.१६)। वैशाख शुक्ल ८ पुष्यनक्षत्र योगमा बृहस्पतिको दिनमा जगन्नाथको प्रतिष्ठा भएको दिन मानिन्छ (शर्मा, १९८६, पृ.१७९) । पुरीको जगन्नाथको वार्षिक रथयात्रा र नेपालमण्डलका जगन्नाथहरूको वार्षिक रथयात्रा एकै दिनमा मनाउने चलन रहेको छ । यस प्रकार जगन्नाथ परम्पराका यी प्रमाणहरूले पनि विशेषगरी भारतको पुरी र नेपालबीच पूर्वकालदेखि रहिआएको निकट सांस्कृतिक सम्बन्ध र प्रभावलाई तथ्यपरक रूपमा अनुभूत गर्न सकिन्छ । नेपालका विभिन्न स्थानमा स्थापित जगन्नाथ मूर्ति मन्दिरहरू लगायत भक्तपुरका जगन्नाथ मूर्ति मन्दिरहरू पनि सोही अनुरूप दुई देशबीच रहिआएको सांस्कृतिक सम्बन्ध र प्रभावका सुन्दर उपज हुन् भन्ने कुरा निश्चित रूपले ज्ञात हुन्छ । भारत, पुरीको जगन्नाथमन्दिर होस् वा भक्तपुरको, जहाँ जगन्नाथ छन् ती क्षेत्र जगदीशक्षेत्र वा पुरुषोत्तमक्षेत्र वा दशअवतारक्षेत्र वा वैकुण्ठक्षेत्रका रूपमा, पवित्र धाम हुन् भन्ने कुरा जानिन्छ । गैर साम्प्रदायिक देवता जगन्नाथको समभावपरक तान्त्रिक संसारमा यिनको भोग (महाप्रसाद) लाई विना भेदभाव, जातपात, उँचनीच, छुवाछुत, धनी गरीब सबैले समान रूपमा ग्रहण गरेका हुन्छन् । संक्षेपमा, यति कुरा बुझेपछि अब हामी भक्तपुरसहरको हृदयस्थलको तीन विशेष स्थानमा, यस सहरका एक सर्वोच्च देवी त्रिपुरसुन्दरीका तीन पुरहरू सदृश **भक्तपुर राजदरबार, तुलाछेँ** र **तःमाहि** (टौमढी)मा गरी त्रिकोणमय रूपमा स्थापित तीनवटा जगन्नाथमूर्तिमन्दिरहरूका बारेमा विचार गर्नतिर लागौँ ।

भक्तपुर राजदरबारका जगन्नाथ

हालै पुरातत्त्व विभागले जगन्नाथमूर्ति रहेको जस्ताले छाएको एकतले पुरानो मन्दिर पुनःनिर्माणका लागि भत्काएको छ (हेर्नुहोस् तल प्रस्तुत चित्र)। त्यस क्रममा यी जगन्नाथमूर्तिलाई सँगैको भण्डारखालचोकस्थित सम्पदा शाखा रहेको भवनको कोठामा लगी राखिएको छ । पुरातत्त्व विभाग, दरबार हेरचाह कार्यालयका प्रमुख र सो मन्दिरका पूजारी विनोदराज शर्मा (गुठी संस्थानमा दर्ता भएको नाम : **विनोदकुमार राजोपाध्याय**) को अनुमति लिई प्रस्तुत चित्र लिएको हुँ ।

भक्तपुर राजदरबारका जगन्नाथ : दायाँबाट : **कृष्ण** (श्यामवर्ण) : १२८x२७ से.मि., पद्मासनः २९x२६ से.मि.। **सुभद्रा** (रक्तवर्ण) : ८९x२७ से.मि., पद्मासन : १४x२४ । **बलभद्र** (श्वेतवर्ण हुनुपर्नेमा यिनलाई पहेँलो इनामेल पेन्ट गरी पीतवर्णमा रूपान्तरण गरिएको छ ।) : १२९x२७, पद्मासन : २९x२६ । विक्रमको तेह्रौँ शताब्दी ।

पुरातत्त्व विभागद्वारा पुनःनिर्माणका लागि भत्काइएको जगन्नाथमन्दिरको पुरावशेष । प्रस्तुत चित्रमा मन्दिरको भग्नावशेषका पछाडि उत्तरमा खौमाढोका र त्यसैगरी दायाँपट्टि देखिने शिवलिङ्ग चारधाम अन्तर्गतका रामेश्वर शिवलिङ्ग हो । उल्लेख्य कुरा के छ भने सो मन्दिरको पहिलो तहको पेटीको दक्षिणपूर्व कुनामा, चौकुने घेरा लगाइएको भागमा ने.सं.३४७ (वि.सं.१२८४) को शिलाभिलेख/देवमूर्तिको पादपीठ सो पेटीको ढुङ्गाको रूपमा छापिन पुगेको अवस्थामा थियो । सो शिलाभिलेख/पादपीठको बारेमा सर्वप्रथम मैले **पासूका** (३/४/पौष, ०५५ : 'भक्तपुर राजदरबारस्थित जगन्नाथमन्दिरको

उप्किसकेको, अक्षर खिइसकेको सो जीर्ण पादपीठमा उत्कीर्ण अभिलेखको पाठलाई पुनःअध्ययन गर्दा पढिएको पाठ यस प्रकार छ (यस कार्यमा मलाई मेरा मित्र लिपिविज्ञ श्यामसुन्दर राजवंशीको सहयोग प्राप्त भएको छ ।) :

१. ..... पञ्चम्यां मुनि वेदाग्नि वत्सरे ।
२. विष्णो : श्रीअनुपालस्य .....संस्कृताइमा : ॥
(.....पञ्चमी ने.सं.३४७ । विष्णुलाई श्रीअनुपालको .....संस्कार गरियो ।)

यस अभिलेखमा विष्णुको उल्लेख छ । यताबाट सो अभिलेख कुँदिएको ढुङ्गा वैष्णवदेवताको पाठपीठ हो भन्ने बुझिन्छ । श्री अनुपालको (पालामा,उनले ?) पुरानो विष्णुमूर्तिको स्थानमा अर्को विष्णुमूर्ति पुनः संस्कार गरिदिएको कुरा यस अभिलेखबाट ज्ञात हुन्छ । यो कुरा विशेष महत्त्वको छ । नेपाल होस् वा भारत, यसले हामीलाई जगन्नाथ परम्परामा समय-समयमा जगन्नाथमूर्तिको कलेवर फेर्ने संस्कारलाई संझाएको छ, मूर्तिमा पुनः प्राणप्रतिष्ठा गरी प्राकृतिक रंगरोगन गर्ने संस्कारलाई संझाएको छ । पुरीका जगन्नाथमूर्तिमा गरिने संस्कारका बारेमा राणाप्रसाद शर्माले **पौराणिक कोष**मा यस प्रकार उल्लेख गरेका छन् (शर्मा, १९८६, पृ.१७९)

विष्णुकी एक प्रसिद्ध मूर्ति जो पुरी नामक स्थानमें स्थापित है । मूर्त्ति सुभद्रा और बलरामकी मूर्तियोंके साथ रहती है । तीनों मूर्त्तियाँ चन्दनकी होती हैं जो समय-समयपर बदली जाती हैं जिसे 'कलेवर बदलना' कहते हैं । वैशाख शुक्ल ८ पुष्यनक्षत्र योगमें बृहस्पतिके दिन जगन्नाथकी प्रतिष्ठा हुई थी (स्कंद० वैष्णव० उत्क० खण्ड०) । जब आषाढमें मलमास हो और दो पूर्णिमाएँ भी हों तभी कलेवर बदला जाता है ।

जगन्नाथमूर्ति-संस्कार बारेमा भक्तपुर राजदरबार र तुलाछेँटोलका जगन्नाथमन्दिरहरूका पूजारी विनोदराज शर्मा यस प्रकार सुनाउँछन् :

बेलाबखतमा जगन्नाथमूर्तिलाई पुनः संस्कार गर्ने परम्परा छ । वि.सं.१९९० सालको महाभूकम्पपछि मेरा बाजे मधुकुमार शर्मा राजोपाध्यायले पनि यस मन्दिर (भक्तपुर राजदरबारस्थित)को काठको पुरानो मूर्ति भग्न भएकोले ती पुराना मूर्तिका ठाउँमा नयाँ मूर्ति बनाउन लगाई होम गरी प्राणप्रतिष्ठा संस्कार गर्नुभएको थियो । त्यसबखत मूर्ति बनाउने सिकर्मीहरूले मान्छेको जस्तै राम्रो पारेर मूर्ति बनाउन खोज्दा 'पुरीको जगन्नाथको जस्तै मूर्ति बनाउनु' भनेपछि दुरुस्त त्यस्तै मूर्ति सिकर्मीहरूले बनाइदिएका थिए ।

पहिले यस जगन्नाथमन्दिरका जगन्नाथलाई महास्नान गर्ने, वर्षबन्धन गर्ने चलन थियो । हामीसित भएको ने.सं.८२६ को टिपोटमा भक्तपुरका हाडा विजुक्छेहरू लगायत अन्य सर्वसाधारणले पर्वपूजामा पूजा गर्न आउने कुरा उल्लेख छ । अहिले सामान्य नित्यपूजा बाहेक अरू सबै बन्द भइसकेको छ । बरू यी जगन्नाथका तुलनामा तुलाछेँटोलका जगन्नाथको प्रत्येक वर्ष जेष्ठशुक्ल पूर्णिमाका दिनमा महास्नान गर्ने, पुरानो रंगरोगनलाई धोइ पखाली पुनः नयाँ रंगरोगन लगाउने, आषाढशुदि द्वितीयाको दिनमा होम गरी प्राणप्रतिष्ठा संस्कार गर्ने, पुनः एकपल्ट रंगरोगन लगाउने इत्यादि चलन छ । रथयात्रा भने विगत पाँच दशकदेखि चलेको छैन । जगन्नाथमूर्तिमा रंगरोगन लगाउन हाडा र खिंबाजा थर भएकाहरू आउँछन् । यसरी प्रस्तरको जगन्नाथमूर्तिमा महास्नान गरी पुनः प्राणप्रतिष्ठा गरी रंगरोगन लगाउनु पनि कलेवर फेर्नु वा पुनः संस्कार गर्नु नै हो ।

यस प्रकार माथिका उद्धरण प्रमाणहरूका आधारमा उक्त पादपीठमा संस्कार गरिएका विष्णु **जगन्नाथ** हुन् भन्ने कुरा जानिन्छ । विक्रमको तेह्रौं शताब्दीतिर जगन्नाथ परम्परा नेपालमा लोकप्रिय

पेटीमा छापिनपुगेको अभयमल्लको पालाको अहिलेसम्म प्रकाशमा नआएको शिलापत्र') मा र त्यसपछि **प्राचीन नेपाल** (१४७/२०५८ : 'भक्तपुरका असुरक्षित अभिलेख')मा दुई दशक अघि नै प्रकाशमा ल्याएको छु । भक्तपुरका अन्य असुरक्षित शिलाभिलेख लगायत सो शिलाभिलेख/देवमूर्तिको पादपीठ सुरक्षित स्थानमा लगी राख्न मैले पुरातत्त्व विभागका प्रमुखहरूलाई जानकारी र अनुरोध त्यसवेलादेखि नै बारम्बार गर्दै आएको छु। अहिले उक्त शिलाभिलेखको पुनः अध्ययनका क्रममा माथि प्रस्तुत चित्र लिएको केही दिन अघिसम्म पनि सो शिलाभिलेख मन्दिरका भग्नावशेषले पुरिएको अवस्थामा थियो । ती भग्नावशेष पन्छाई, अक्षर सफा पढ्न सकियोस् भनी पीठो दलेर फोटो लिएं । तल प्रस्तुत फोटो त्यही बेलाको हो । सो शिलाभिलेख सुरक्षित स्थानमा लान पुनः एकपल्ट पुरातत्त्व विभागलाई संझाए । त्यसपछि पुनः मन्दिरको पुरावशेष अध्ययन गर्न जाँदा सो शिलाभिलेख त्यहाँबाट पुरातत्त्व विभागले सुरक्षित स्थानमा लगिसकेको रहेछ । साधु-साधु ।

जगन्नाथमन्दिरको पेटीमा छापिनपुगेको अभयमल्लको पालाको ने.सं.३४७ (वि.सं.१२८४) को देवमूर्तिको पादपीठको अभिलेख ।

यस कुराको चर्चा माथि पनि भइसकेको छ कि हिन्दु जगतमा 'चारधाम' को परम्परा प्रख्यात छ । भक्तपुर राजदरबारको पश्चिमभागमा चारधामको मान्यता अनुरूपका पाँचवटा मन्दिरहरू छन् ती हुन् : **१.बद्रीनाथ २.रामेश्वर/ ३.केदारनाथ ४.द्वारिकानाथ (गोपीनाथ) ५.जगन्नाथ** । यी पाँच मन्दिरहरूमध्ये रामेश्वर वा केदारनाथलाई वैकल्पिक मानिएको छ । अर्थात् केदारनाथको दर्शन गरेपछि रामेश्वर पुग्नै पर्छ भन्ने छैन वा रामेश्वरको दर्शन गरेपछि केदारनाथको दर्शन गरे सरहको पुण्य प्राप्त हुन्छ । पूर्वमध्यकालका नेपालका एक प्रसिद्ध राजा यक्षमल्ल (वि.सं.१४८५-१५३८) हुन् । यी चारधाम मन्दिर उनैले बनाउन लगाएका हुन् भन्ने अनुमान यस बारेमा कलम चलाउनेहरू एकथरीको रहेको छ भने अर्कोथरी उनीपछिको कालमा बनेको अनुमान गर्छन् (विनोदराज शर्मा (२०५७), **इतिहास-संस्कृति : केही पृष्ठहरू**, स्टुडेण्ट्स लाइब्रेरी, भक्तपुर : पृ४१) । मानौं, अघिल्लो कथनलाई मान्ने हो भने जगन्नाथमन्दिर पनि यक्षमल्लले नै बनाउन लगाएका हुन् भन्ने कुरा मान्नुपर्ने हुन्छ । तर जगन्नाथमन्दिरको पेटीमा छापिनपुगेको माथि उल्लेखित ने.सं.३४७ (वि.स.१२८३) को शिलाभिलेख/देवमूर्तिको पादपीठको अभिलेख र त्यसमा परेका कुरातिर पुनर्विचार गर्दा जगन्नाथमन्दिर यक्षमल्लको पालाभन्दा अघि नै वा भनौं अभयमल्लको पालामा (वि.सं.१२७३-१३१२) नै थियो भन्ने कुरा दृष्टिगोचर हुन्छ । मानवस्पर्श, घामपानी लगायत समयको मारले अक्षर फुटेका, अक्षर कुँदिएको पाप्रो

भइसकेको र त्यसको सांस्कृतिक ढुकढुकी तत्कालीन नेपालमण्डलको राजधानी नगर भक्तपुरको केन्द्र राजदरबारका जगन्नाथ रहिआएको कुरा जानिन्छ । नेपालमण्डलका जगन्नाथमन्दिरहरूमा भक्तपुर राजदरबारको जगन्नाथमन्दिर नै सर्वप्राचीन रहेको कुरा पनि यसै सन्दर्भमा निश्चित रूपले जानिन्छ ।

तःमाह्रि(टौमढी)टोलका जगन्नाथ



तःमाह्रिटोलस्थित जगन्नाथमन्दिर पनि अन्य मन्दिरहरू जस्तै पूर्वाभिमुख छ । यस मृण्ममन्दिरको अर्धमण्डपको दायाँ बायाँ एकजोडी प्रस्तरसिंहमूर्ति छन् । जगन्नाथमन्दिरको सामुन्ने पूर्वतर्फ तीलमाधवनारायणमन्दिर (विक्रमको बाह्रौं-तेह्रौं शताब्दी) र प्रस्तरनिर्मित छत्राकारशैलीको भूगोलमन्दिर (यक्षमल्लकालीन/विक्रमको पन्ध्रौं-सोह्रौं शताब्दी), दक्षिणपूर्वमा लक्ष्मीनरसिंहमन्दिर (विक्रमको चौधौं-पन्ध्रौं शताब्दी), पश्चिममा नेपालका लिङ्गायत/वीरशैव मतालम्बीहरूको एकमात्र प्रधानमठ जङ्गममठ, उत्तरमा ऐसामाह्रि सत्तः (भक्तपुरको काष्ठमण्डप, तेह्रौं-चौधौं शताब्दी) र डातापोल (ने.सं.८२२), उत्तरपूर्वमा भैरवनाथको मन्दिर (उत्तरप्राचीनकाल, मन्दिर प्रतिष्ठा ने.सं.६६७) छ ।

हातबाट फुत्किसकेको कुरामा थकथक गर्नुभन्दा हात लागेका, बचेखुचेका कुरातिर विचार गर्दा बेस हुन्छ । जस्तै

१. पुनःनिर्माण हुनुभन्दा अघिको अत्यन्त जीर्णावस्थामा पुगेको, ठाउँ ठाउँमा चिरा परेर झण्डै गर्ल्याम्मै ढल्ला जस्तो यस मन्दिरको त्यस प्रकारको दुःरावस्थातिर विचार गर्दा यसले विगतमा विभिन्न कालखण्डमा चलेका महाभूकम्पहरूलाई पनि माथ खुवाउँदै, आफ्नो शिरको गजुर ढले तापनि कुनै न कुनै प्रकारले वर्तमानमा सकी नसकी उठेर आफ्नो अस्तित्वबोध गराइरहेको प्रतित हुन्छ । समय-समयमा मरम्मत सभाँर भइरह्यो भने भौतिक सम्पदा लामो कालसम्म अस्तित्वमा रहिरहन्छ । तीनसय वर्ष अघि बनेको कुनै सम्पदा छ भने तीनसय वर्षपछि मरम्मत सँभार गर्न सकियो भने दुई तीन सयवर्ष अरू बढी आयु लम्बिन सक्छ । छसय वर्ष भन्दा पनि पुराना मठ मन्दिर विहार चैत्य, सर्वसाधारणका घर, सत्तल मल्लकालीन दरबारहरू आदि आज पनि हाम्रा सामु विश्वकै सम्पदा भएर शानका साथ खडा छन् । यस प्रकार यी कुरातिर विचार गर्दा यस जगन्नाथमन्दिरलाई विक्रमको चौधौँ शताब्दीतिरको मान्न सकिन्छ ।

२. यस मन्दिरको कलशयुक्त प्रस्तर थामहरू र तिनका दायाँ बायाँ रहेका एकजोडी प्रस्तरसिंहमूर्ति स्थापनाकालदेखिकै हुन् जसको शैलीलक्षणतिर विचार गर्दा ती पनि चौधौँ शताब्दीतिरको अनुमान हुन्छ ।

३. मानिसका जातिले मात्र होइन, देवताका जातिले पनि आफ्नै जातका देवताको साथ, सामीप्यता खोज्ने रहेछ, उसैगरी उस्तै देवताका एउटा मन्दिरले अर्को मन्दिरको । उदाहरण जगन्नाथमन्दिरलाई नै लिउँ । यहाँ यो एक्लो वैष्णवमन्दिर होइन । यिनका साथमा यिनको समीपमा तीलमाधवनारायणमन्दिर, हिरण्याक्ष दैत्यलाई मारी, पृथ्वीमातालाई उद्धार गरेको वराहदेव एवं द्वादशनारायणका सुन्दर मूर्तिहरूले सजिएको भूगोलमन्दिर, लक्ष्मीनरसिंहमन्दिर लगायतका वैष्णवमूर्तिहरू छन् । तीलमाधवनारायणको प्रतिस्थापनसँगै यसको समीपमा, समयको प्रवाहमा बस्न आएका पूर्वमध्यकालतिरका वैष्णवदेवता, देवमन्दिरहरूमध्येको एक यो जगन्नाथमन्दिर हो भन्ने कुरामा सन्देह छैन । यस आधारमा पनि हामीले जगन्नाथमन्दिरलाई उक्त समयतिर राख्ने आधार मिलेको छ ।

४. भौतिक र अभौतिक सम्पदा शरीर र आत्मा जस्तै हुन् । मन्दिर होस् वा मूर्ति ! स्थापनाकालदेखि नै लौकिक धार्मिक-जीवनसित सांस्कृतिकीकरण भएर आएको हुन्छ । अहिले परित्यक्त जस्तै लाग्ने यस मन्दिरको वार्षिक पूजा र नित्य पूजा पहिले चलेको थियो, मूर्ति चोरी भएपछि त्यो पनि ठप्प भएर लोप हुनपुग्यो । तर यसभन्दा पनि विशेष महत्त्वको कुरा तलेजुभवानी र यस मन्दिरका जगन्नाथबीच रहिआएको तान्त्रिक तवरको अखण्डित सांस्कृतिक सान्निध्यता हो । हरेक वर्ष मोहनी/दसैंको दसौँ दिन अर्थात् विजयादशमीमा, सारा दानवहरूलाई सखाप पारेर युद्ध जितेकी महिषासुरमर्दिनी दुर्गाभवानीको अवतार स्वरूप भएकी तलेजुभवानीको तदनुरूप रातको समयमा देश/नगरपरिक्रमा गरी युद्धविजयोत्सव मनाउने परम्परा छ जसलाई 'पायःजात्रा'

भक्तपुर राजदरबार र तुलाछेँटोलको जगन्नाथमन्दिरका तुलनामा यस मन्दिरको प्राचीनता बारेमा जान्ने ठोस पुरातात्त्विक आधार अप्राप्य रहेको छ। जस्तै : **१.** यस मन्दिरको बारेमा प्रकाश पार्ने अभिलेख प्राप्त छैन । **२.** नेपालमा मूर्ति चोरीको सिलसिला राणाकालको अन्त्यपश्चात सुरु भएर त्यसपछिका दशकहरूमा व्यापक रूपले यस्तरी बढेर आएको देखिन्छ मानौं धर्मको चेष्टा नै हराउने गरी मूर्तिचोरीको मेला लाग्यो । स्थानीय बासिन्दाहरूका अनुसार वि.सं.२०१७-०१८ सालतिर यस मन्दिरका जगन्नाथमूर्ति चोरी भएको थियो । ती मूर्ति करिब डेढ हात जति अग्ला, ढुङ्गाले बनेका थिए । मूर्तिमा देखापर्ने शैलीलक्षण इत्यादि विशेषताका आधारमा पनि सो मूर्ति कति पुरानो हो भन्ने कुरा जान्न सकिन्छ । मूर्ति नै नरहेपछि सो मूर्ति लगायत यसको रित्तो जगन्नाथमन्दिर कति पुरानो हो भनी जान्ने आधार पनि रहेन । **३.** स्थानीय जनताको सक्रियतामा भक्तपुर नगरपालिकाद्वारा यस मन्दिरको पुनःनिर्माण कार्य (थालनी २०६८- पुनःनिर्माण सम्पन्न २०७१) भएको थियो । यो प्रशंसनीय कार्य हो । तर पुनः निर्माण गर्दा, पुरानो मन्दिर भत्काउने क्रममा यसका पुरावशेषहरूको वैज्ञानिक ढङ्गले व्यवस्थित रूपमा अभिलेख राख्ने काम भएको देखिएन, इतिहासकार/पुरातत्वज्ञहरूसित परामर्श लिएको पनि देखिएन । उदाहरणको निमित्त पुनःनिर्माणका क्रममा यसको पुरानो जगखण्डबाट सुनको कछुवा, कलश र मुद्रा भेटिएको थियो । यस कुराको जानकारी **श्री जगन्नाथ मन्दिर जिर्णोद्धार योजना उपभोक्ता समिति**द्वारा प्रकाशित 'जगन्नाथ स्मारिका, २०७१' को आवरणको पृष्ठभागमा प्रकाशित शीर्षकसहितको चित्र हेरेपछि थाहा भयो । त्यस आधारमा सो उपभोक्ता समितिका अध्यक्षलाई मैले सो मन्दिरको पुराना फोटो लगायत ती वस्तु अध्ययन गर्न पाउँ भनी अनुरोध गरेँ । उहाँले भन्नुभयो 'मन्दिरको जग शिलान्यास गर्ने क्रममा ती वस्तु पनि पुनः जगमै राखेर पुरियो ।' मैले पुनः भने 'फेलापरेका ती वस्तुको अभिलेखीकरण त भएकै होला, फोटो त खिचेको रहेछ, ती फोटो भए पनि हेर्न पाउँ' । उहाँले यस बारेमा समितिका अन्य सदस्यहरूसित सम्पर्क गर्न सल्लाह दिनुभयो । ...यो पंक्ति लेख्दाको आजको दिनसम्ममा (मङ्गलवार, २४ साउन, २०७९) ती पुरातात्त्विक वस्तुको फोटो र मन्दिरको पुरानो फोटो प्राप्त भएको छैन । यस क्षणमा मलाई यस्तो प्रतित भइरहेको छ मानौं यस मन्दिरको एउटा इतिहास वा प्राचीनता जान्ने हातमा परिसकेको प्रमाण पनि तत्क्षण हामीले गुमायौं । यस क्षणमा थकथक लाग्ने गरी मलाई तुलाछेँटोलको त्यो प्रस्तरनिर्मित उमामहेश्वरमन्दिरको पनि सम्झना भइरहेको छ जसको पनि पुनःनिर्माणका क्रममा यसको जगखण्डमा मक्किसकेको ताम्रकलशबाट तत्कालीन कान्तिपुरका राजा प्रताप मल्ल, उनका रानी रूपमती र पुत्र नृपेन्द्रमल्लका चाँदीका मुद्राहरू फेला परेका थिए । ती मुद्राहरूको अध्ययन गर्न मलाई भक्तपुर नगरपालिकाका तत्कालीन मेयर प्रेम सुवालले अनुरोध गर्नुभएको थियो । ती मुद्राहरूको अध्ययनबाट सो मन्दिर तत्कालीन भक्तपुरका राजा जितामित्र मल्लको अनुमति लिई उनका समकालीन कान्तिपुरका राजा नृपेन्द्रमल्लले ने.सं.७९६ (वि.सं.१७३२) मा बनाउन लगाएका रहेछन् भन्ने तथ्य कुरा थाहा हुन आयो (पुरुषोत्तमलोचन श्रेष्ठ, 'मल्लकालीन चाँदीका मुद्रा एवं ताम्रकलश', **भक्तपुर**, १६४/२०५८, पृ.३१-३४) ।

तुलाछेँटोलका जगन्नाथ

तुलाछेँटोलस्थितथ जगन्नाथमन्दिरको गर्भस्थानमा प्रतिष्ठापित **जगन्नाथ** (श्रीकृष्ण) (१७७X४८ से.मि.), **सुभद्रा** (१४०X३४ से.मि.) र **बलभद्र**/बलराम (१७५X४४ से.मि) प्रस्तरमूर्तिहरू ने.सं.६६३ (वि.सं.१६००)।



जगन्नाथपुरीको वास्तुशैलीलाई सम्झाउने तुलाछेँटोलस्थित जगन्नाथमन्दिरको पुरानो नक्सा-चित्र। यो मन्दिर चारैतर मण्डप निकालेर बनाइएको थियो र यसको अग्रभागमा सो मन्दिरमा जाने प्रवेशद्वार पनि थियो भन्ने कुरा यस नक्सा-चित्रले देखाएको छ। स्रोत : **गुगल**।

जगन्नाथमन्दिर : ने.सं.६६३ (वि.सं.१६००), जीर्णोद्धार : वि.सं.१९९० सालको महाभूकम्पपछि । हाल (वि.सं.२०७९) पुरातत्त्व विभागद्वारा यस मन्दिरको पुनर्निर्माण कार्य भइरहेको छ ।

अष्टमात्रिकाकी अधिष्ठात्रीदेवी त्रिपुरसुन्दरी हुन् । भक्तपुरसहरको हृदयस्थल तुलाछेँटोलमा त्रिपुरसुन्दरीको पीठ र देवगृह छ । यिनै देवीको काखमा वा भनौँ केही पाइलामात्र पश्चिममा जगन्नाथमन्दिर छ । वि.सं.१९९० साल अघिसम्म यो मन्दिर शिखरशैलीमा थियो । त्यसबखत नै यो मन्दिर निकै जीर्ण अवस्थामा थियो । महाभूकम्पपछि, जुद्धशमशेरकै पालामा भक्तपुर राजदरबारका अन्य सम्पदाहरूको जीर्णोद्धार पुनःनिर्माण भएकै समयतिर, जसोतसो यो पनि त्यसरी एकछाने मन्दिरको रूपमा नयाँ रूप लिएर खडा भयो **(मन्दिरका पूजारी विनोदराज शर्मा राजोपाध्याय(६९)बाट प्राप्त जानकारी) ।**

अहिलेको एकछाने जगन्नाथमन्दिर पुरानो पाँच तहमा उठेको पेटीसहितको जगखण्डमाथि खडा छ । हालैको स्थलगत अन्वेषण, उत्खननबाट यो मन्दिर 'पंचरथ' को अवधारणा अनुरूप बनेको शिखरमन्दिर थियो भन्ने कुरा देखिन आएको छ (पुरुषोत्तमलोचन श्रेष्ठ (सं.), **जगन्नाथक्षेत्रका सम्पदा**, भक्तपुर नगरपालिकाद्वारा गठित जगन्नाथक्षेत्र उत्खनन कार्यदल समितिद्वारा प्रस्तुत ऐतिहासिक पुरातात्त्विक प्रतिवेदन, २०७९) । तःमाह्रिटोलको जगन्नाथमन्दिर द्वैधशैलीको ज्वलन्त उदाहरण भएर रहेको छ । यताबाट भक्तपुर राजदरबारस्थित जगन्नाथमन्दिर पनि द्वैधशैलीमा बनेको शिखरमन्दिर थियो भन्ने बुझिन्छ । माथि उल्लिखित दुई स्थानका जगन्नाथमन्दिरहरू जस्तै यो मन्दिर पनि पूर्वाभिमुख छ । यो कुरा विशेष महत्त्वको छ । तर यसभन्दा पनि अर्को उल्लेख्य कुरा, बाइसवटा खुड्किला भएको ढुङ्गेसिँढीले यो मन्दिर युक्त छ, (तेइसौँ पाइलाले मन्दिरको गर्भस्थान टेकी चौबिसौँ पाइलाले पूर्ण साथ दिएपछि समभङ्ग मुद्रामा टक्क अडिएर, विन्तीभाव मुद्राले भगवान् जगन्नाथको भौतिक एवं भाव दर्शन मिल्छ) । संख्यात्मक रूपमै पनि बाइस खुड्किलाको ढुङ्गेसिँढी भएको जगन्नाथमन्दिर नेपालमा अन्यत्र छैन । यसले यो मन्दिरलाई

(खड्गयात्रा) भनिन्छ । यस प्रकार युद्धविजयको प्रतीक स्वरूप राजदरबारबाट तलेजुभवानीको पायःजात्रा चल्नुपूर्व भक्तपुरका जीवितदेवता नवदुर्गागणले स्वर्णद्वारको सामुन्नेमा पालैपालो गरी तलेजुभवानीबाट तान्त्रिक-सिद्धि प्राप्त गर्छन् । त्यसपछि सैन्यगणसहित विशाल जुलुसका साथ सेतो घोडामा सवार तलेजुभवानीको पायःजात्रा चल्छ जसमा नवदुर्गागण पनि पायः (तलेजुभवानी) को पछि लागेर सो विजय-जुलुसमा सहभागी भएको हुन्छ। अपार जनसहभागिता समेत रहेको तलेजुभवानीको सो विजय-जुलुसले नगरपरिक्रमा गरी जगन्नाथमन्दिरको सामुन्ने रहेको सभुंगःभैलद्यः (वैष्णवी/भद्रकाली शक्ति भएका **क्रोधभैरव** (विश्वनाथभैरव/आकाशभैरव) मा पुग्छन् जहाँ नवदुर्गागणका कालभैरवले सभुंगःभैलद्यः को दर्शनपुजन एवं पूजाप्रसाद ग्रहण गरेपछि तलेजुभवानीलाई जगन्नाथमन्दिरको मण्डपमा विधिवत विराजमान गराइन्छ। यसलाई अनेक अर्थमा, विशेषगरी तान्त्रिक दृष्टिले महत्त्वपूर्ण संस्कार मान्न सकिन्छ। अवतार र अवतरण तान्त्रिक परम्पराका अभिन्न प्रक्रिया एवं संस्कार विधान रहिआएको विदित हुन्छ जसले एउटै देवतालाई पनि अनेक अवतारमा अवतरित गरी मान्न पुज्न सकिने मान्यतालाई सहज तुल्याएको हुन्छ। यस सिद्धान्तका आधारमा जसरी तलेजुभवानीको दैहिक अवतारको दर्शन नवदुर्गागणमा मिल्छ उसैगरी तलेजुभवानीको एक तान्त्रिक अवतार जगन्नाथ वा भनौं जगन्नाथको शाक्त तान्त्रिक अवतार **एकानंशा** (सुभद्रा/गजलक्ष्मी) मा पनि मिल्छ (यिनको चर्चा तल पनि आउँदैछ ।) ।

जस्तो संस्कार, उस्तै समाज र संस्कृति, उस्तै मानिस, उस्तै देवता। मानिसले मात्र नभएर देवताले पनि आफूभन्दा अघि आभिर्भाव भएका जेष्ठदेवतालाई आदर सम्मान गरेको देखिन्छ। जस्तै, नवदुर्गागणले आफ्नो आभिर्भावकाल अघिका देवतालाई मान्ने संस्कारलाई उदाहरणको रूपमा लिन सकिन्छ। नवदुर्गागणको सवारीका क्रममा तःमाह्रिमा आइपुग्दा भैरवनाथलाई मान्यता गर्छन्, भैरवनाथसँगैको ङातपोल मन्दिरका सिद्धिलक्ष्मीलाई गर्दैनन् । तलेजुभवानी र जगन्नाथको माथिका प्रकिया वा संस्कार पनि उस्तै प्रतित हुन्छ। भक्तपुरकी तलेजुभवानी नेपालकै एकमात्र आदि तलेजु हुन् । भक्तपुरमा तिनको आगमन सिम्रौनगढको पतनपछि (ने.सं.४४६, वि.सं.१३८२) भएको हो (गोपालराजवंशावली, ४६ पत्र) । नवदुर्गागणले आफू अघिका देवतालाई सम्मान प्रकट गर्ने संस्कारलाई दृष्टान्तको रूपमा लिने हो भने जगन्नाथमन्दिरको मण्डपमा तलेजुभवानी विराजमान हुने संस्कारलाई तलेजुभवानीको जगदीश्वरी जगन्नाथप्रतीको आदर सम्मान हो भनी मान्न सकिन्छ। यति कुरा थाहा भएपछि तलेजुभवानीभन्दा अघिका देवता तःमाह्रिटोलका जगन्नाथ हुन् भन्ने कुरा ज्ञात हुन्छ । यताबाट माथिका कुराको पुष्टि मिल्छ । र, जगन्नाथमन्दिरको मण्डपमा विराजमान तलेजुभवानीलाई नवदुर्गागणले पुनः पालैपालो आदरसम्मान गरी पंक्तिबद्ध भएर आफ्नो द्यःछें (देवगृह)तर्फ फर्कन्छन् भने तलेजुभवानी पनि आफ्नो आगमघर अर्थात् भक्तपुर राजदरबारस्थित तलेजुमन्दिर प्रस्थान गर्छिन् । यसरी पायःजात्रा सम्पन्न हुन्छ । विगतलाई वर्तमानमा उतारेर अवलोकन गर्ने अद्भुत ऐना अमूर्त सम्पदा हो । इतिहासको सदाकाल साक्ष अमूर्त सम्पदा हो । यी कुरा माथिका प्रयोगात्मक कुराबाट अनुभूत हुन्छ ।

अतुल्य तुल्याएको छ । यसले पनि हामीलाई पुरीको जगन्नाथमन्दिरलाई संझाएको छ । पुरीको जगन्नाथमन्दिर पनि पूर्वाभिमुख छ । सो मन्दिरको चारैतिर प्रवेशद्वार भएतापनि पूर्वाभिमुख मूल प्रवेशद्वारद्वारको दायाँ बायाँ एकजोडी सिंहमूर्ति छ र मन्दिरमा पुग्न बाइसवटा खुड्किला छन् । यसो हुँदा सो प्रवेशद्वार 'सिंहद्वार' कहलिएको छ । हाम्रो तुलाछेँटोलको जगन्नाथमन्दिरको बाइस खुड्किला भएको ढुङ्गेसिँढीको दायाँ बायाँ पनि एकजोडी प्रस्तरनिर्मित सिंहमूर्ति रहेको छ । यस मन्दिरका पूजारी विनोदराजका अनुसार पहिले सो सिंहमूर्तिका सामुन्नेमा पनि प्रवेशद्वार थियो । माथि प्रस्तुत यस मन्दिरको पुरानो नक्सा-चित्रमा देखिने प्रवेशद्वारले उक्त कुराको पुष्टि मिल्छ । उक्त स्थानमा उत्खनन हुन सकेमा सो प्रवेशद्वारका अवशेष पत्ता लाग्ने कुरामा सन्देह नहोला । र, जगन्नाथमन्दिरको पुनःनिर्माणसँगै सो प्रवेशद्वार पनि सँगसँगै उठ्नेछ भन्ने आशा र विश्वास छ ।

मल्लकालीन स्वतन्त्र राज्य भक्तपुरका एक राजा प्राणमल्ल (वि.सं.१५७६-१६०४) हुन् । उनकै पालामा यस मन्दिरको निर्माण ने.सं.६६३ (वि.सं.१६००) मा भएको थियो । उक्त मन्दिरमा जगन्नाथ देवता प्रतिष्ठा गर्दा सुवर्णकलश ध्वजावरोहणसहित लक्षाहुत यज्ञ गरिएको थियो । मन्दिरको प्रतिष्ठापन भाजु कायिष्ट प्रधानाङ्ग (भाजु कसः) ले गरेका थिए । यी कुरा मन्दिरका पूजारी विनोदराजको संग्रहमा रहेको हस्तलिखित ग्रन्थ **जगन्नाथ प्रतिष्ठा विधि**को निम्न पुष्पिकावाक्यबाट मिल्छ **(विनोदराज शर्मा, 'नेपाल इतिहासया विषय छगू यथार्थ - नेपाल इतिहासय् भाजु कस', न्हू जः ने.सं.१०९८, पृ.१९ मा प्रथमपल्ट यो पुष्पिकावाक्य प्रकाशित छ । यस बारेको चर्चा 'भक्तपुरका जगन्नाथमन्दिरहरू', गोरखापत्र, २०५३/कात्तिक ७ गते, पृ.क मा मैले गरेको छु । यहाँ प्रथमपल्ट चित्रसहितको मूलपाठ र अनुवाद दिइएको छ** :



१. संवत् ६६३ मिति ज्येष्ठ शुदि १५ रोजस तुपलाछेया श्रीजगनाथ
२. देव प्रतिष्ठा सुवर्णकलसध्वजावरोहणसमेत याडा जुरो श्रीश्री
३. प्राणमल्लदेवराजाया विजयराज्यस ॥ जज्मान भाजु कायिष्ट प्रधा-
४. नांग ॥ होता श्री रविराज देवजु ॥ लक्षाहुत यज्ञ दिन १२ या शुभम्

भाषान्तर : ने.सं.६६३ (वि.सं.१६००) ज्येष्ठ शुदि १५ रोजमा श्रीश्री प्राणमल्लदेवराजाको विजयराज्यमा सुवर्णकलशध्वजावरोहणसहित तुपलाछेँ (तुलाछेँटोल)का श्री जगन्नाथ देवताको प्रतिष्ठा गरियो । जजमान भाजु कायिष्ट (भाजु कसः) प्रधानाङ्ग । होता श्री रविराज देवजु । लक्षाहुत यज्ञ दिन १२ शुभ होस् ।

बनाउन लगाएको सो मन्दिर केही दिनपछि नै भत्कियो । तत्पश्चात् इस्वीको बाह्रौं शताब्दीमा आधुनिक जगन्नाथमन्दिरको निर्माण उडीसाका राजा अनंतवर्मा चोड-गंग (लगभग १०७६-११४८ ई.) ले गरेका थिए (सच्चिदानन्द भट्टाचार्य, १९८९, **भारतीय इतिहास कोश**, उत्तर प्रदेश हिन्दी संस्थान, लखनऊ : पृ.१५९) । लगभग २१४ फीट अग्लो, ८० फीट चौडा द्वैधशैलीको यो मन्दिर वास्तुकलाको अद्‌भुत नमुनाको रूपमा रहेको छ । उल्लेख्य कुरा, यस मन्दिरको संस्थापनमा भारतको मात्र नभएर नेपालको पनि प्रमुख भूमिका रहेको थियो । चोड-गंगका समकालीन नेपालका राजा शङ्करदेव तृतीय (१०६५-१०८२ ई.) थिए । नेपालका राजाले चढाएको एकलाख सालिग्रामबाट जगन्नाथपुरीको रत्नवेदी बनेको चर्चा माथि भइसकेको छ । गण्डकीबाट सालिग्राम ल्याई जगन्नाथपुरीलाई चढाउने राजा यिनै शङ्करदेव थिए । जगन्नाथपुरीमा रहेको वंशावली र १८८० ई.सं. तिरको 'मुदलसिद्धि' नामको स्वागतमन्त्र (ताडपत्रमा लेखिएको हस्तलिखित ग्रन्थ) उक्त कुराको पुष्टिका लागि उदाहरणस्वरूप छन् । नेपालका राजाको स्वागतमा दिइएको उक्त स्वागतमन्त्र यस प्रकार छ (हरिराम जोशी, **प्रदीप अभिनव संस्कृति विश्वकोष**,वर्कर्स पब्लिकेसन्स्, भक्तपुर :२०७०, पृ.३२५) :

स्वस्ति श्री अंशुमालि कुलोद्‌भव
लिच्छवीय नवकोट कैलाशकूटाधिपति
सप्तगण्डकी महाभट्टारक मण्डल
नारायणि सरित सेवित
मत्स्येन्द्र घण्टाकर्ण भैरव रक्षित
परमभट्टारक परमसौगत शङ्करदेव
शङ्करदेव महेन्द्र परिकुशलि
शङ्कर्षण वासुदेवङ्क लक्षण थिवा
विष्णुशिला उभयमुखि सुवर्णगर्भ
अर्पण करिथिवाकु आपने पुरुषोत्तम क्षेत्र
आपणर वंशकु उज्जल करिथिवाकु आपने
पुरुषोत्तम क्षेत्र आद्य सम्वत्सरे
गजपति महाराजाङ्कर अङ्के दिन
मुदलसिद्धि सेवकु अल्पना करि
अबधान करिवा हु आन्तु

नेपालको पश्चिम राज्यसीमा उत्तरप्राचीनकालतिरै सप्तगण्डकी पारिसम्म पुगेको कुरा लिच्छविकालका अभिलेखबाट जानिन्छ। पूर्वमध्यकालसम्म पनि सो सीमा कायमै थियो भन्ने कुराको थप पुष्टि मुदलसिद्धि स्वागतमन्त्रबाट पनि भएको छ। शङ्करदेव तृतीयपछिका राजाहरूमा विशेषगरी भक्तपुरलाई नेपालको राजधानी नगर कायम गर्ने 'नेपालाधिपति' कहलिएका निर्माता राजा आनन्ददेव (वि.सं.१२०३-२४) को पालामा, कर्नालीप्रदेशमा खस राज्य स्थापना भइसक्दा पनि उनीहरूको

प्रभाव फैलन नदिन उनले सो राज्यसीमा बचाइराख्ने खास प्रयास गरेको देखिन्छ (धनवज्र वज्राचार्य, २०६४, **गोपालराजवंशावलीको ऐतिहासिक विवेचना**, नेपाल र एसियाली अनुसन्धान केन्द्र, कीर्तिपुर : पृ.५२) ।

नेपालका लिच्छवि राजाहरूको वैवाहिक सम्बन्ध भारतका प्रसिद्ध राजवंशसित रहिआएको देखिन्छ । शिवदेव द्वितीयको विवाह मगधका राजा आदित्यसेनकी दौहित्री, मौखरि कुलका 'श्रीवर्मचूडामणि' भोगवर्माकी छोरी वत्सदेवीसित भएको थियो । त्यसैगरी गौड, उड्र(उडीसा), कलिङ्ग, कोसलका राजा हर्षदेवकी छोरी राज्यमतीसित लिच्छवि राजा जयदेव द्वितीय (वि.सं.७७०-७९०) को विवाह भएको थियो । यी कुरा पशुपतिको संवत् १५७ (वि.सं.७९०) को जयदेव द्वितीयको शिलाभिलेखबाट थाहा पाइन्छ (हरिराम जोशी, २०३०, **नेपालको प्राचीन अभिलेख**, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, काठमाडौं : पृ.५८८) यस प्रकार **१.** पुरीको जगन्नाथमन्दिर स्थापना गर्ने उत्तरभारतका सोमवंशी राजाहरूसित नेपालका लिच्छवि राजाहरूको वैवाहिक सम्बन्ध रहिआएको र **२.** नेपालका राजाले चढाएको सालिग्रामलाई पुरीका राजाले सहस्र स्वीकार गरी पुरुषोत्तमक्षेत्र जगन्नाथमन्दिरमा रत्नवेदी बनाउन लगाएको यी दुई विशेष अभिप्रेरणा वा आधारले गर्दा नै नेपालका राजाहरूलाई पुरुषोत्तमक्षेत्र जगन्नाथपुरीमा अति नै उच्च सम्मानित स्थान प्राप्त रहिआएको हो । जोशी (२०७०, पृ.३२६) लेख्छन् :

'नेपालका राजा एवं राजपरिवारलाई पुरीस्थित जगन्नाथमन्दिरमा खास स्वाधिकार भनौं या सुविधा प्राप्त भएको कुरा ई.सन् १९६५ मा Public Relations Dept. बाट प्रकाशित Lord Jagannath And Nepal नामको एक पुस्तिकाबाट स्पष्टरूपले जनिन आएको छ । त्यस पुस्तिकामा पुरीका भगवान् जगन्नाथ र नेपालका राजपरिवारबीच शदियौं पुरानो सम्बन्ध स्थापित भएकोबारे प्रकाश पारिएको छ । त्यसमा पुरीका जगन्नाथमन्दिका संरक्षक रहेको गजपति राजा औ नेपालका राजालाई भगवान् जगन्नाथका जीवित स्वरूपहरूको रूपमा दर्शाइएको छ । नेपालकी रानीलाई विष्णुपत्नी लक्ष्मीको जीवितरूपमा समादर गरिएको छ । नेपालका राजपरिवारको सवारी हुँदा तिनीहरूलाई विशेषरूपले स्वागत गर्नुका साथै राजदम्पतिले प्रवेश गर्नु अगावै मन्दिरबाट सबै निस्केर त्यसलाई खालि गर्दथ्यो र मन्दिरका चारवटै ढोका बन्द गरिन्थ्यो । यस धार्मिक कार्य पद्धतिलाई मन्दिर सोध भनिन्छ । लालमोहरिया तथा प्रतिहारि पण्डाले राजारानीको स्वागत गरिसकेको अनन्तर दोश्रो परिच्छा याने पटजोशी महापात्रले माथि वर्णित मुदलसिद्धि नामको स्वागतमन्त्र पढ्दछ ।'

तत्कालीन स्वतन्त्र भक्तपुरराज्यमा शासन गर्ने एक उल्लेख्य राजा जगत्प्रकाश मल्ल (वि.सं.१७००-१७२९) पनि हुन् । उनको शासनकालको उत्तरार्द्धमा उनीसँगै 'जगच्चन्द्र' रूपमा एक भएर रहन आएका उनका मन्त्री चन्द्रशेखर हुन् (भोलानाथ पौडेल, 'जगच्चन्द्र', **पूर्णिमा**, ८ पूर्णाङ्क, पृ.२०-२५) । यी जगच्चन्द्र (**जगत्**प्रकाश मल्ल+**चन्द्र**शेखर) जगन्नाथ विष्णुका परमभक्त थिए । यो कुरा तात्कालिक ऐतिहासिक सामग्री लगायत **भक्तपुर राष्ट्रिय कला सङ्ग्रहालय**मा रहेको ने.सं. ७८९ (वि.सं.१७२६) को शिलालेखमा वर्णित दश अवतारको वर्णनसम्बन्धी गीत र त्यसमा

जगन्नाथको मूर्तिस्मरण गर्दा हाम्रो मानसपटलमा विशेषगरी श्रीखण्ड/नीमको काठले बनेका, हातगोडाका हकमा पाउ र हातका पञ्जा नभएका, ठूलठूला गोलाकार आँखा भएका जगन्नाथ, सुभद्रा र बलभद्रका समरूप आकारका तीन काष्ठमूर्तिहरू दृष्टिगोचर हुन आउँछन् । पुरीको जगन्नाथ होस् वा भक्तपुर राजदरबार, खौमाढोकासँगैको जगन्नाथमूर्ति, काठकै बनेका छन् । प्रस्तरनिर्मित जगन्नाथमूर्तिहरू भने बिरलाकोटी संख्यामा देखापर्छन् । त्यसमध्येको एक तुलाछेँटोलको जगन्नाथमूर्ति देखिन आएको छ । उच्चकोटिको प्रस्तरमा बनेको, लिच्छविकालीन मूर्तिहरूमा जस्तै प्रस्तरलेपन गरी चिल्लो चिप्लो हुने गरी बनेका, आङ्गिक अनुपात मिलेका र एकपल्ट हेरेपछि मनै आनन्दित हुने गरी हेरिरहुँ जस्तै लाग्ने मानवकदका यी अद्भुत सुन्दर सौम्य र शान्त भावका मूर्तिहरूलाई मल्लकालीन प्रस्तरकलाको बेजोड उदाहरण मान्न सकिन्छ । लिच्छविकालको तुलनामा मल्लकालमा प्रस्तरकलामा ह्रास आयो भनी हामी सुन्छौं, सुनाउँछौं । तर तुलाछेँटोलका यी तीन मूर्तिलाई हेरेपछि हाम्रो मूल्याङ्कन गलत रहेछ भनी मान्न करै लाग्छ । अग्लो, लाम्चो जलहरी आसनमाथिको दोहोरो पद्मासनमा, समभङ्ग मुद्रामा उभिएका यी तीन मूर्तिहरूमध्ये जगन्नाथ कृष्णले कुमसम्म पुऱ्याएर दायाँ हातमा सुदर्शन चक्र र बायाँ हातमा पाञ्चजन्य शङ्ख लिएका छन् । सुभद्रा विन्तीमुद्रामा छिन् । बलभद्रले पनि उस्तै गरी कुमसम्म पुऱ्याएर दायाँ हातमा अधिकार-दण्ड र बायाँ हातमा हलो बोकेका छन् ।

जगन्नाथमूर्ति रहेको गर्भस्थानमा अन्य मल्लकालीन वैष्णवमूर्ति पनि छन् । जस्तै गर्भस्थानको उत्तर भित्तामा प्रस्तरका चतुर्बाहु नारायण, गरूडनारायण, नारायणको सूक्ष्ममूर्ति, पद्माकृति, सप्तनागको छत्र ओढेका नारायणमूर्ति छन् । मन्दिरको मूलढोकाको दायाँ बायाँ मानवाकृति नागमूर्ति र ढोकाको दायाँपट्टि ढाल तरबार लिएको **जया**को प्रस्तरमूर्ति छ । स्थानीय बासिन्दाहरूका अनुसार सो जयाको मूर्तिको उत्तरमा **विजया**को मूर्ति थियो जुन चोरी भयो । त्यसैगरी जगन्नाथमन्दिरको पूर्व सन्मुखमा गरूडस्तम्भ छ । यसै परिसरमा कम्तिमा पनि विक्रमको तेह्रौं शताब्दीतिरको चतुर्मुख विष्णु, र अन्य वैष्णवमूर्तिहरू, मार्कण्डेय तलाउको अवशेष, मन्दिरका अवशेष आदि देखापर्छन् । यस दृष्टिले यो क्षेत्र पनि विशेषगरी पूर्वमध्यकालदेखि नै वैष्णव क्षेत्रको रूपमा पनि प्रख्यात रहिआएको थियो, यसो हुँदा नै यहाँ प्राणमल्लको पालामा जगन्नाथमन्दिर बनेको प्रतित हुन्छ ।

देश जोड्ने देवता

देश भिन्न, संस्कृति अभिन्न । सारा जगतका नाथ जगदीश्वर जगन्नाथको संसारबाट चियाएर हेर्दा यही कुराको अनुभूत हुन्छ । नेपाल भारतका जगन्नाथहरू यस कुराका सुन्दर साक्षका रूपमा हाम्रा सामु छन् । उदाहरणको रूपमा भारतको उत्कल/उडीसा, पुरीस्थित जगन्नाथलाई नै लिउँ । जगन्नाथपुरीको इतिहासलाई फर्केर हेरौं । भारतीय स्रोत अनुसार ईस्वीको सातौं शताब्दीमा महाभवगुप्त ययातिले पूर्व स्थापित **नीलमाधव**लाई जगन्नाथ, बलभद्र र सुभद्राको नामका तीन मूर्तिमा परिणत गरी ३८ हातको एक मन्दिर बनाउन लगाए । यसरी जगन्नाथ सम्प्रदायको आरम्भ ईस्वीको सातौं शताब्दीदेखि भएको र यसका प्रवर्तक ययाति रहेको ज्ञात हुन्छ । ययातिले

जगच्चन्द्रको जगन्नाथपुरीदर्शनलाई सम्झाउने, **भारत, उडीसा पुरीस्थित जगन्नाथमन्दिरको दुर्लभ पौभाचित्र**, ने.सं.७९० (वि.सं.१७२६), ११४X८१ से.मि. । हाल सो पौभाचित्र लण्डनस्थित **Victoria and Albert Museum** मा रहेको छ । सो पौभाचित्र हाम्रो हो भन्ने कुराको दरो प्रमाण सोही पौभाचित्रमा लेखिएको अभिलेख र जगच्चन्द्रका अद्भुत आकृति, आकृतिका शीर्षमा कुँदिएका नाम हुन् । यी प्रमाणका आधारमा हामी सो पौभाचित्र सगौरव ल्याउन सक्दछौं र विशेषगरी यो पौभाचित्र भक्तपुरसित सम्बद्ध भएको हुनाले भक्तपुर राजदरबारकै एक भागमा बसेको भक्तपुर राष्ट्रिय कला सङ्ग्रहालयमा ल्याएर संग्रहित-प्रदर्शित गर्दा बेस होला । यसलाई आधिकारिक रूपमा ल्याउनको निमित्त म नेपाल सरकार पुरातत्त्व विभाग, सम्बद्ध सरोकार समूह, स्थानीय निकाय : भक्तपुर जिल्ला प्रशासन, भक्तपुर नगरपालिका लगायत समस्त भक्तपुरवासीहरूलाई विनम्र अनुरोध गर्दछु ।

उक्त पौभाचित्रमा पुरीका जगन्नाथ (कृष्ण), सुभद्रा र बलराम टङ्कारो देखिने गरी जगन्नाथमन्दिर चित्रित गरिएको छ । जगन्नाथमन्दिरको शीर्षमा विष्णुका दश अवतार छन् । मन्दिरको आमलकभागमा (गजुरको तल), जगच्चन्द्रको ने.सं. ७९० (वि.सं.१७२६)को, नेपाललिपि र नेपालभाषामा, गीतश्लोकरचना मैथिलभाषामा रहेको निम्न चार पंक्तिको अभिलेख कुँदिएको छ जुन यस प्रकार छ (प्रस्तुत अभिलेखको पाठ पढ्ने काममा लिपिविज्ञ मित्र श्यामसुन्दर राजवंशीको पनि सहयोग लिएको छु । :



ऐजनको आमलकभागमा लेखिएको अभिलेखको समीपत्रिच । स्रोत : Guy (Jul., 1992), pp. 227, fig.8

१. श्री ३ जगन्नाथाय नमः ॥ आसावरि ॥ ए ॥ उडियाचोनगञ्च कारयावोसे चोह-
२. रि जगन्नाथन ....तिसरुपा कृं ॥ देवालय इनामे विश्वकर्मा वनायिया थाकिचो रुप
३. ॥ निकटे चोयागर नटि ...णन चोत्तपा थाकिचो करियाएहु सुखोकइलु जगतचन्द्र व्रम्हदारु गुण
४. अमि वेरनि ..तेजायिलु धुसे ॥ सं.७९० भाद्रशुदि १४ श्री२जगच्चन्द्रमल्लदेवया अनन्तधर्म धुङ दिन ॥ शुभं ॥

(**भाषान्तर** : श्री३ जगन्नाथलाई नमस्कार ॥ आसावरि रागमा । *गीतश्लोक रचना : गीत लिपि : नेपाललिपि, भाषा : मैथिलीभाषा* । ने.सं.७९० (वि.सं.१७२६) भाद्र शुक्ल चतुर्दशीका दिन श्री२ जगच्चन्द्रमल्लदेवको अनन्तधर्म समापन भयो ॥ शुभ ॥)

सर्वनिर्माता, ईश्वरीय वास्तुकार विश्वकर्मा हुन् । सबै देवताहरूका रथ, हतियार लगायत इन्द्रको वज्र बनाउने पनि उनै हुन् । अनेक सहरहरू जस्तै सुनको लङ्का, इन्द्रप्रस्थ लगायत सप्तपुरी (सात पवित्र सहरहरू)मध्येको एक, भगवान् कृष्णको राजधानी नगर द्वारका बनाउने पनि उनै हुन् । यी कुरा लगायत जगच्चन्द्रको गीतश्लोकमा आएको 'देवालय इनामे विश्वकर्मा वनायिया'ले जगन्नाथपुरी बनाउने पनि विश्वकर्मा नै हुन् भन्ने कुराको आभास गराएको छ । पौराणिक आख्यान अनुसार 'अज' अर्थात् अजन्मा मानिने विश्वकर्मा पनि विष्णुको अवतारी रूप हो भन्ने

ज्ञात हुन्छ ।

'अनन्त' अर्थात् जसको अन्त्य नै छैन, अनन्त : **आकाश** जस्तै । परिमितता र अनन्तताबीचको सन्तुलन बनाइराख्ने उनै विष्णुको एक नाम **अनन्त** : 'अनन्तनारायण' । शेष-नागको एक नाम : 'अनन्त' वा भनौं **आदि-शेष** । शेष-नागमा शयन गरेका नारायण **शेषशायी विष्णु/नारायण** । जसरी विष्णु अनन्त छ उस्तै कृष्ण ! जसको अन्त्य भएकै थिएन । विष्णुको सार कृष्ण । कृष्ण अर्थात् जगन्नाथ । यसो हुँदा जगन्नाथ अनन्त अवतारमा पनि मान्यपूज्य रहिआएको विदित हुन्छ । यस कुराको एक अत्यन्त स्पष्ट उदाहरण जगच्चन्द्रको जगन्नाथमन्दिरको सो पौभाचित्र हो जसमा जगच्चन्द्र र उनका परिवार सो मन्दिरमा बसेर अनन्तधर्म (अनन्तव्रत) समापन गरिरहेका छन् । ने.सं.७९० को अभिलेखमा पनि जगच्चन्द्रले भाद्र शुक्ल चतुर्दशीका दिन अनन्तधर्म समापन गरेको कुरा खुलाएका छन् ।

भाद्रशुक्ल चतुर्दशीका दिन अनन्तव्रत/अनन्तधर्म (अनन्त चतुर्दशीव्रत) बस्ने, पूजा आराधना गर्ने चलन विशेषगरी विक्रमको सत्रौं-अठारौं शताब्दीदेखिको धार्मिकजीवनमा निकै लोकप्रिय रहिआएको विदित हुन्छ । अनन्तव्रतसम्बन्धी मल्लकालीन अन्य पौभाचित्रहरूले पनि यस कुराको पुष्टि मिल्छ । Pratapaditya Pal (Vaisnava Iconology in Nepal, The Asiatic Society, Calcutta : 1985, pp. 13, fig. 73-75) लेख्छन् :

A rite or Vrata that was particularly popular in Nepal during the last few centuries is known as *anantavrata.* Many of the Vaisnava paintings were dedicated by common persons as well as kings to commemorate the successful performance of this rite. The *anantavrata* is a popular Vaisnava ceremony and is of considerable antiquity as it is mentioned in Puranic literature. The rite is to be performed on the fourteenth day of the bright fortnight of the month of Bhadra and the day is called *Anantacaturdasi*. As a matter of fact all the paintings commemorating the performance of this *vrata* were consecrated on that day.

'**अनन्त**नारायण' अनन्तधर्म वा अनन्तव्रतका मुख्य देवता हुन् । जस्तो नाम उस्तै व्रत ! भक्तपुर जगन्नाथमन्दिरका पूजारी विनोदराज शर्माका अनुसार कुनै एक वर्षको भाद्र शुक्ल चतुर्दशीका दिन यो व्रत आरम्भ गरी चौधौं वर्ष (लगातार चौध वर्षसम्म : चौध पटक)को भाद्र शुक्ल चतुर्दशीका दिन समापन गरी पूर्णता दिने परम्परा रहेको छ । यस बारेका पूजापद्धति ग्रन्थ पनि छन् । यो व्रत बस्नाले अनन्त-फल प्राप्त हुन्छ भन्ने मान्यता छ । उहिले निकै लोकप्रिय रहेको यो परम्परा अहिले लोप भइसकेको छ । उहिले तलेजुमा पनि अनन्तव्रत बस्ने परम्परा थियो । अनन्तव्रत सम्पन्न भएको पूर्णता एवं त्यसको सम्झनास्वरूप पौभाचित्र लेखेर राख्ने चलन थियो । मेरो घरमा पनि यस विषयको पौभाचित्र छ । अन्य ब्राह्मणहरू लगायत सर्वसाधारणका घरहरूमा पनि यस प्रकारका पौभाचित्रहरू हुन सक्छन् । यो खोजको विषय हो ।

मिल्ने भावबाट पनि अनुभूत हुन्छ । यस शिलालेखमा पनि यी दुवै राजा मन्त्रीले आफूहरूलाई एकै रूपमा अर्थात् 'जगच्चन्द्र' भनी चिनाउँदै यसरी भक्तिभाव अर्पित गरेका छन् : **जगतचंद दुहु एक हि जिवदुय परमपद दुहु पावे** (जगच्चन्द्र दुई प्राणी भए तापनि एकै हुनुहुन्छ । दुवैलाई परमपद मिलोस् । (ऐजन, पृ.२३) । जस्तो नाम र भक्तिभाव उस्तै जगत्का नाथ जगन्नाथ विष्णुका भक्त जगच्चन्द्र । भगवान् श्री जगन्नाथप्रति सभक्तिपूर्वक जगच्चन्द्रले परिवारका सदस्यहरूसहित ने.सं.७९०, भाद्र शुक्ल चतुर्दशी (वि.सं.१७२६) को दिनमा अनन्त धर्म समापन गरेको विशेष अवसरमा लेखेर राख्न लगाएको पौभाचित्रलाई अनुपम उदाहरणको रूपमा प्रस्तुत गर्न सकिन्छ । उक्त पौभाचित्र हाल बेलायतको लण्डनस्थित **Victoria and Albert Museum** मा रहेको छ । John Guy को 'New Evidence for the Jagannātha Cult in Seventeenth Century Nepal' (Source: Journal of the Royal Asiatic Society, Third Series, Vol. 2, No. 2 (Jul., 1992), pp. 213- 230) शीर्षकको लेखको पृ.१५, चित्र संख्या १ मा सो पौभाचित्रको चित्र छापिएको छ । मैले यहाँ तल सोही पौभाचित्रको Guy ले प्रकाशमा ल्याएको उक्त चित्रको पनि चित्र खिचेर राखेको प्रतिलिपि-चित्र हो । उता पुगेको सो पौभाचित्र हाम्रो सम्पदा हो नि ! त्यही मूल सम्पदा हेरेर अध्ययन गर्न पाएको भए अझ बढ्ता कुरा जान्न र नूतन कुरा प्रकाशमा ल्याउन सकिन्थ्यो । कस्तो बिडम्बना ! हाम्रै देशको सम्पदा हेर्न पनि मुलुकबाहिर, अरूको देशमा गएर हेर्नुपर्ने अवस्था आयो । जे होस् ! सोही चित्र हेरेरै भएपनि केही महत्त्वपूर्ण कुरा थाहा पाउन सकिएको छ :





ऐजनको समीपचित्र । भक्तिभावपूर्वक अनन्तधर्म/व्रत समापन गरिरहेका जगच्चन्द्रमल्लदेव र उनको परिवार । पौभाचित्रको यस खण्डको अग्रपंक्तिमा दुई विपरित मुख एक शरीर भएको आकृति छ । सो आकृतिको शीर्षमा, उक्त आकृतिको परिचय मिल्ने नाम 'श्री२जगत्चन्द्र' दिइएको छ । यताबाट यी आकृतिका व्यक्तिद्वय जगत्प्रकाश मल्ल र उनका मन्त्री चन्द्रशेखर हुन् भन्ने कुरा निश्चित रूपले ज्ञात हुन्छ । यस अद्भुत आकृतिले हामीलाई छाउनीस्थित राष्ट्रिय सङ्ग्रहालयमा रहेको जगचन्द्रको उस्तै अद्भुत काष्ठमूर्तिलाई पनि सम्झाएको छ । जगच्चन्द्रपछिको आकृतिको नाम भने मेटिइसकिएको छ तापनि उनी जगत्प्रकाशमल्लका जेष्ठपुत्र राजकुमार जितामित्र मल्ल हुन् भन्ने कुरा पनि निश्चित रूपले जानिन्छ । उनीपछिका आकृतिमा उनका भाइ उग्रमल्ल छन् । उनको आकृतिमाथि 'श्री२उग्रमल्ल्ल' लेखिएको छ । उनीपछिको स्त्रीआकृतिमाथि 'अन्नपूर्णलक्ष्मी' दिइएको छ । तिनी जगत्प्रकाशमल्लकी रानी हुन् । बाँकी ४ आकृतिका नाम स्पष्ट बुझिएन । जे होस् ! उनीहरू राजपरिवारका सदस्य हुन् भन्ने देखिन्छ । स्रोत : Guy (Jul., 1992), pp. 227, fig.9

यस पौभाचित्रमा जगन्नाथमन्दिरसित जोडिएका तीनवटा शाखामन्दिर छन् जहाँ एउटा मन्दिरभित्र कुनै वस्तु लिएर पूजा गरिरहेका एक भक्त छन् । दोस्रो खण्डको मन्दिर अन्य दुई मन्दिरका तुलनामा केही होचो छ । सो मन्दिरभित्र एक गरुडस्तम्भ (?) छ । सो स्तम्भमुनि उभिएका तीनजना भक्तहरू छन् जसमध्ये बीचको भक्त नृत्यमुद्रामा छ । तेस्रो खण्डको मन्दिरमा भगवान् श्री जगन्नाथलाई हेरेर भक्तिभाव अर्पित गरी दर्शनपुजन गरिरहेका एक भक्त छन् जुन अन्य भक्तका तुलनामा विशेष देखिन्छ । यिनलाई एक छत्रवाहकले छत्र ओढाइरहेका छन् । यसरी विशेष देखिने यी भक्त राजा जगत्प्रकाश मल्ल हुन् भन्ने प्रतित हुन्छ ।

यस पौभाचित्रमा भगवान् श्री जगन्नाथको बायाँपट्टि सानो मन्दिर छ । सो मन्दिरमा हिरण्यकशिपु वध गरिरहेका भगवान् नृसिंह छन् । यसैगरी यस पौभाचित्रमा गजुरयुक्त मन्दिरमय स-साना खोपाहरू छन् जहाँ जलहरीयुक्त शिवलिङ्ग, शेषशायी विष्णु, दुर्गा लगायतका वैष्णव देवाकृतिहरू, भक्त भक्तिनीहरू आदि देखापर्छन् । तलतिर माछाहरू पौडिरहेको जलाशयले जगन्नाथपुरी सामुन्नेको समुद्रलाई पनि सम्झाएको छ ।

यस प्रकार यस पौभाचित्रको अध्ययनबाट पनि एकातिर तत्कालीन भक्तपुर राज्य र जगन्नाथपुरीबीचको धार्मिक-सांस्कृतिक सम्बन्ध, तीर्थयात्रा परम्परालाई सम्झाएको छ भने अर्कोतिर समग्रमा भन्नुपर्दा नेपाल र भारतबीच जगन्नाथ परम्पराको आरम्भदेखि अनन्तकालसम्म रहिआएको सुमधुर सम्बन्धलाई सम्झाइरहेको छ । भिन्न देश, अभिन्न संस्कृति । नेपालका जगन्नाथ हुन् वा भारतका जगन्नाथ, दुई देशलाई जोड्ने देवता जगन्नाथ । जस्तो भगवान् श्री जगन्नाथ उस्तै उनका भक्त : दुई विपरित मुख धारण गरे तापनि शरीर एक

तिलराशिबाट प्रकट भएका नारायण हुँदा 'तिलमाधव' कहलिएको कथा स्कन्दपुराण अन्तर्गतको **नेपालमाहात्म्य (७, ३-१८)** मा वर्णित छ। उक्त कथा अनुसार विष्णुभक्त, असल मन भएका, धर्मदत्त नाम गरेका एक व्यापारी मकर-संक्रान्तिको दिनमा मङ्गलेश्वरमहादेवको दर्शन गरी केही पूर्वको स्थानमा गई तिलको राशि राखेर सो तिल बेच्नका लागि बसे। जसै मानिसहरू तिल किन्नका लागि आए, त्यसबेला तिलराशिबाट शंख, चक्र, गदा, पद्म धारण गरेका, पीताम्बर वस्त्र पहिरेका श्रीकृष्ण उत्पन्न भए। त्यसरी दिव्य दर्शन पाएका धर्मदत्त व्यापारीले भगवान् श्रीकृष्णलाई बारम्बार प्रमाण गरे। तत्क्षणमा भक्तिनम्र, धर्मदत्त व्यापारीले सबैका सामु सबैले देख्ने गरी उनै भगवान् विष्णु (श्रीकृष्ण)को देहमा प्रवेश गरे। सबैको मुखबाट जय-जय-जयकार निस्कियो। तिलराशिबाट विष्णु प्रकट भए। त्यसै क्षणमा आकाशबाट सुन्दर पुष्प वर्षा भयो। यस प्रकार तिलराशिबाट उत्पन्न भएका हुँदा यिनी **तिलमाधव** कहलिए।

तिलमाधवनारायणको उत्पत्तिबारेको उक्त कथा अद्यापि स्थानीय लोकजीवनमा लोकप्रिय रहिआएको छ। यो कुरा महत्त्वपूर्ण छ। सातौँ शताब्दीका, संस्कृत साहित्यका विद्वान्, दरबारी कवि बाणभट्टको **हर्षचरित**मा उल्लेख भए अनुसार तिल विष्णुको पसिनाका थोपाबाट सृजित भएको कुरा जानिन्छ। तिलको सम्बन्ध विष्णुसित रहेको सन्दर्भतिर विचार गर्दा तिलमाधवको अवधारणा धेरै पुरानो रहेको देखिन्छ। यस प्रकार तिलमाधवनारायणमन्दिरको प्राचीनता बोध हुन्छ।

तिलमाधवले माथि उल्लेखित **नीलमाधव**को स्मरण समेत गराएको छ। जगन्नाथ मतको मूल वा पूर्व रूप **नीलमाधव** रहेको र यसैको परवर्ती अवतरण जगन्नाथ श्रीकृष्ण, सुभद्रा र बलभद्र रहेको कुरा माथिका प्रसङ्ग लगायत यस विषयका अन्य स्रोतसामग्रीका आधारमा थाहा हुन आएको छ। उडीसाकै जगन्नाथपुरी मन्दिरभन्दा पनि पुरानो मन्दिर त्यहींकै **नीलमाधवमन्दिर** रहेको देखिन आएको छ। विष्णु/कृष्णको एक नाम माधव पनि रहेको छ। माधवकै शक्ति माधवी हुन्। 'सुभद्रा', 'काली' 'सरस्वती' आदि पनि योगमाया माधवीकै उल्लेख्य अवतार हुन्। जगन्नाथ सम्प्रदायमा नीलमाधवको स्थान 'मूल केन्द्र' को रूपमा रहेको देखिन्छ। पौराणिक आख्यान अनुसार आरम्भमा 'इन्द्रनील' (नीरमणि) लाई **नीलमाधव** रूपमा पूजा उपासना गरिन्थ्यो। यति कुरा थाहा भएपछि मैले स्थानीय टोलका सर्वसाधारण लगायत केही बौद्धिक व्यक्तित्वहरू : तेजेश्वरबाबु ग्वंग, दीपक जङ्गम एवं जगन्नाथमन्दिरका पूजारी विनोदराज शर्मासित सोधें 'यी तिलमाधवलाई पुकार्ने अर्को पनि कुनै नाम छ कि ? उहाँहरूले भन्नुभयो 'तिलमाधव नाम पुकार्दै आएका छौं, पूर्वजहरूबाट 'तिलबाट उत्पत्ति भएका विष्णु हुँदा तिलमाधव कहलिएको कथा' पनि सुनेका हौं।' शर्मा (जगन्नाथमन्दिरका पूजारी) ले थप भन्नुभयो 'यिनको अर्को नाम **नीलमाधव** पनि रहेको कुरा स्थानीय टोलका स्व.माहिला पक्वाँ, स्व. कान्छा भारी र मेरै पिता स्व. रत्नराज शर्माहरूबाट थाहा पाएको हुँ।' अध्ययनका क्रममा यसरी ओझेलमा पर्नगएको यिनको **नीलमाधव** नाम पत्ता लाग्नु पनि विशेष महत्त्वको हुन आएको छ।

भएका वा भनौं दुई प्राणी भए तापनि एकै भएका **जगच्चन्द्र** !

शाहकालको अवसान अघि र त्यसपछि पनि पुरुषोत्तमक्षेत्र जगन्नाथपुरीमा नेपालका राजपरिवारको सवारी हुँदा विशेषरूपले स्वागत गर्ने परम्परा रहिआएको विदित हुन्छ। नेपालका राजा राजेन्द्रविक्रम शाहदेवले वि.सं.१८९० मा जगन्नाथ पण्डा, गणेशप्रसाद पण्डा र गङ्गाधर पण्डाहरूलाई नेपालदेशको तर्फबाट पण्डाको अधिकार प्रदान गरिदिएको कुरा पुरीका लालमोहरिया पण्डासित सुरक्षित रहेको ताम्रपत्र-सनदबाट ज्ञात हुन्छ (जोशी, २०७०, पृ.३२७)। वि.सं.१९६८ मा राजा त्रिभुवनले पुरीका पण्डालाई वार्षिक रू पाँचसय तलब स्वरूप दिइने कुरा उल्लेख गरी सनद गरिदिएका थिए (उही, पृ.३२७) । यी तथ्यहरूले भारतको जगन्नाथपुरीमा नेपालका राजाको उच्चतम हैसियत र भारतवासी हिन्दूहरूले नेपालका राजाप्रति दर्शाउने सर्वोच्च सम्मानलाई एकसाथ स्पष्ट पार्छ अर्थात् जस्तो जगन्नाथ, सोही सदृश नेपालका राजा : साक्षात जगन्नाथ, विष्णुका जीवित अवतार ।

तिलमाधव, नीलमाधव, श्रीपतिमाधव

जगन्नाथपुरीको निर्माणमा शालिग्राम चढाएर बिर्सिनसक्नुको गुण लगाउने राजा शङ्करदेव र भक्तपुरमा त्रिपुर राजदरबार बनाउन लगाई नेपालको राजधानी नगर बसाल्ने नेपालाधिपति राजा आनन्ददेवको बीचमा लगभग ६४ वर्षको अन्तर देखापर्छ। त्यस अन्तरालमा नेपालमण्डलमा पनि मन्दिरनिर्माण लगायत जगन्नाथको पूजा उपासना राजकीयस्तरमै प्रचलनमा आइसकेको आभास हुन्छ । नेपालमण्डलमा विक्रमको बाह्रौं-तेह्रौं शताब्दीदेखि उन्नाइसौं शताब्दीसम्मका जगन्नाथमन्दिरहरू छन् । तीमध्ये सर्वप्राचीन जगन्नाथमन्दिरहरू भक्तपुरका जगन्नाथमन्दिरहरू रहेको र त्यस आधारमा जगन्नाथ सम्प्रदायको केन्द्रबिन्दु पनि तत्कालीन राजधानी नगर भक्तपुर नै रहेको विदित हुन्छ। यस कुराको पुष्टिका लागि थप एक उदाहरण तःमाह्रिटोलको जगन्नाथमन्दिरको पूर्वतर्फ रहेको पश्चिमाभिमुख, दुईछाने मन्दिरका देवता **तिलमाधवनारायण**लाई लिन सकिन्छ ।

लक्ष्मी सरस्वतीसहितका विष्णु : **तिलमाधवनारायण** (विक्रमको बाह्रौं-तेह्रौं शताब्दी) ।

बाबुराजा राजोपाध्याय (५८) बाट प्राप्त जानकारी) । यस प्रकार माथिका विवेचनबाट निम्न नूतन कुरा ज्ञात हुन आउँछ :

१. उडीसाका नीलमाधव र भक्तपुरका तिलमाधव एउटै देवता अर्थात् 'माधव' हुन्, माघ महिनामा पुजिने नारायणको 'माधव' अवतार हो । **नीलमाधव, श्रीपतिमाधव र तिलमाधव** नारायणकै तीन विशेष नाम हुन् । नीलमाधव जगन्नाथको **ब्रह्मतत्व** हो । यो कुरा पौराणिक आख्यानबाट ज्ञात हुन्छ ।

२. तिलमाधवनारायणको (मूर्ति एवं मन्दिर) स्थापना विक्रमको बाह्रौं-तेह्रौं शताब्दीतिर वा भनौं शङ्करदेव र आनन्ददेवको राज्यकालको बीचको ६४ वर्षको कुनै एक कालखण्डमा भएको थियो ।

३. 'नीलमाधव' कै एक नामविशेष **श्रीपतिमाधव** पूर्वमध्यकालको धार्मिक-सांस्कृतिक जनमाझ लोकप्रिय रहेको थियो । वर्तमानमा प्रचलित तिलमाधवको पूर्वकालिक वा प्राचीन मौलक नाम 'श्रीपतिमाधव' हो । माधवको अघिल्तिर आएको 'श्रीपति' को 'श्री' ले विष्णुपत्नी लक्ष्मी र त्यसैगरी 'श्रीपति'ले लक्ष्मीपति 'विष्णु' को स्मरण हुन्छ ।

४. नेपालमण्डलमा 'माधवनारायण' परम्परा, पूजोपासनाको मूलकेन्द्र तत्कालीन राजधानी नगर भक्तपुरको हृदयस्थलमा स्थित तिलमाधवनारायण थियो । **माधवनारायण संस्कृतिको मूल थलो भक्तपुर हो** ।

५. नेपालमण्डलमा तिलमाधवनारायणको स्थापनापछि मात्र विभिन्न कालखण्डमा जगन्नाथमन्दिरहरू बनाउने लहर संस्कार परम्पराको रूपमा चलेर आयो । भक्तपुरका माथि उल्लेखित जगन्नाथमन्दिरहरू, हनुमानढोकास्थित राजा प्रताप मल्ल (वि.सं.१६९८-१७३१)द्वारा निर्मित जगन्नाथमन्दिर, टेकुको जगन्नाथमन्दिर, पाटन इखालखुटोल र शंखमूल सिकुवहिका मल्लकालीन जगन्नाथमन्दिरहरू, मध्यपुर थिमीको जगन्नाथमन्दिर, आधुनिककालमा, काठमाण्डौ टुँडिखेलको रणबहादुर शाहद्वारा निर्मित जगन्नाथमन्दिर लगायत जङ्गबहादुर राणाद्वारा थापाथलीमा निर्मित जगन्नाथमन्दिर उदाहरणस्वरूप छन् ।

एकानंशा, गजलक्ष्मी : जगन्नाथ मतको प्रारूप

जगन्नाथका तीन प्रतिमामध्ये सुभद्राको एक नाम **एकानंशा** रहेको र जगन्नाथ मतको प्रारूप ई.पू.दोस्रो शताब्दीदेखि अर्थात् **गजलक्ष्मी**को परम्पराको प्रारम्भ भएदेखि भएको कुराको नूतन विवेचन गर्ने प्रथम नेपाली विद्वान् हरिराम जोशी (२०७०, पृ.३२७-३०)हुन् ।

जगन्नाथ मतको प्रारूप वा अवधारणा मात्र नभएर मूर्ति-प्रारुपिकरण समेत ईशापूर्वका कालतिरै भइसकेको कुराको पुरातात्त्विक आधार मौर्यकालीन **आहतमुद्रा** (ई.पू. चौथो-दोस्रो शताब्दी) र भारतको मध्यप्रदेशस्थित टिक्लाको अभिलेखयुक्त (लिपि : ब्राम्ही) **चट्टानचित्र** (ई.पू. तेस्रो-दोस्रो शताब्दी) पनि हुन् (हेर्नुहोस् : तल प्रस्तुत चित्र) **आहतमुद्रा**मा आयुधविहीन तीन वैष्णवदेवता छन्

जगन्नाथ परम्परामा व्यापक अर्थ लाग्ने तीन संख्याको योगले विशेष महत्त्व पाउँदै आएको देखिन्छ । संयोगले 'तिल' पनि यही कोटिमा पर्न आउँछ । यसले सेतो/नीलो फूल फुल्ने तीनपाटे कोसा फल्ने बोट र त्यसैको कोसाभित्र हुने पेल्दा राम्रो तेल आउने, देवपितृकार्यमा चाहिँने विशेषतः कालो, खैरो र सेतो समेत तीन रङका हुने विशेषतालाई बोध गराएको छ (**नेपाली बृहत् शब्दकोश** (२०६०), नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, पृ.५६७) । यसो हुँदा पनि तिललाई विष्णुको प्रतीक मानिएको हुनसक्छ । उडीसाका नीलमाधव महानदीको किनारमा त्रिवेणीमा वेष्टित रहेको छ भने भक्तपुरका नीलमाधव/तिलमाधव सप्तमार्गको मध्यस्थलमा रहेको छ । पूर्वकालमा यहाँबाट पनि खोला बग्दथ्यो जुन पूर्व र दक्षिण दिशा छुट्टिएर हनुमन्तेनदीमा गएर मिसिन्थ्यो भन्ने लोककथन लगायत खोलाका अवशेष यस मन्दिर परिसरबाट प्राप्त हुन आएको पुरातात्त्विक आधारले पनि पुष्टि मिल्छ ।

तिलमाधवनारायणमन्दिरको सामुन्ने एक गरुडस्तम्भ छ । त्यसमा ने.सं.२८३ (वि.सं.१२२०) को अभिलेख उत्कीर्ण छ । सो अभिलेखमा राजा आनन्ददेवको राज्यकालमा श्रीरामुनिका नाति पुण्यात्माका छोरा शङ्करले गरुडको सो प्रतिमा स्थापना गरेको सन्दर्भमा तिलमाधवलाई **श्रीपतिमाधव** भनी सम्बोधन गरेका छन् (**अभिलेख-संग्रह**, दोस्रो भाग, पृ.१०-११) । यो कुरा महत्त्वपूर्ण छ । यताबाट तिलमाधवनारायणमन्दिरको स्थापना उक्त समय अघिको कालखण्डमा भइसकेको थियो र तत्कालीन लोकजीवनमा यिनी 'श्रीपतिमाधव' नामले पनि लोकप्रिय थिए भन्ने कुरा ज्ञात हुन्छ ।

तिलमाधव हुन् वा **नीलमाधव** वा **श्रीपतिमाधव** ! वर्षको हरेक महिनामा छुट्टाछुट्टै नारायणको विशेष पूजा-उपासना हुने 'द्वादश नारायण' मध्ये माघ महिनामा पूजा आराधना हुने, माघ महिनाका विशेष नारायण 'माधवनारायण' हुन् । अनि यसै सन्दर्भमा, उडीसाका नीलमाधव हुन् वा भक्तपुरका तिलमाधव, दुबै नारायण एकै 'माधव' हुन् । यसैले माघ महिनामा दुबै देशका 'माधव' हरूका लागि पवित्र पावन, विशेष मेलामय महिना रहिआएको छ । माघशुक्ल सप्तमीलाई 'रथसप्तमी' पनि भनिन्छ । यस दिनमा, उडीसा नीलमाधवमा विशेष मेला र रथयात्रा चल्छ । एकादशीमा मेला लाग्छ । हाम्रो यहाँ पनि माघ महिनामा विशेष पूजा उपासना, मेला लाग्छ । जस्तै, माघेसंक्रान्तिमा यहाँ मेला लाग्छ । तिलमाधवनारायणमन्दिरको सामुन्नेमा रहेको यज्ञशालामा यस दिनमा होम गरी तलेजुबाट पठाइने एकमुरी गहुँ गोग्रास-भोजनका लागि ठूलो जःसि (खडकुँलो)मा उसिनेर पकाइन्छ । त्यसरी उसिनेको गहुँ मन्दिरको चारैतिरको पेटीमा राखी, नुन छर्की, भक्तपुरभरीबाट ल्याएका गाईहरूलाई खुवाइन्छ । यसलाई यहाँका नेवाःजनले 'सा छ्व नकेगु' भन्छन् । यसै क्रममा तलेजुका राजोपाध्याय ब्राह्मण पुरोहितको घरको गाईलाई बाजागाजासहित लिन जाने, मन्दिरमा स्वागत गरी भित्र्याउने र मन्दिरको पेटीमा उसिनेको गहुँ राखी खुवाउने चलन छ । त्यसैगरी तिलमाधवनारायणको मूर्तिलाई घिउले छोपेर चारदिनसम्म राखिन्छ । चारदिनपछि सो घिउ प्रसादको रूपमा बाँड्ने चलन छ । विशेषगरी मूर्तिको नाइटोभागको घिउ कोख बाँझो भएकी महिलाले खाएमा सन्तान पैदा हुन्छ भन्ने जनविश्वास पनि रहिआएको छ (जगन्नाथमन्दिरका पूजारी विनोदराज शर्मा (६९) एवं तिलमाधव नारायणमन्दिरका पूजारी

'यसर्थ जगन्नाथ मतको मूलभूत स्रोत सामग्रीको रूपमा गजलक्ष्मीलाई लिनु समीचीन नै लाग्दछ ।' नेपाल भारतमा गजलक्ष्मीका मूर्तिहरू ईसापूर्व दोस्रो-प्रथम शताब्दीदेखिका प्राप्त छन् । पाटन च्यासलहिटीको गजलक्ष्मीको मूर्ति(ई.पू.प्रथम शताब्दी)लाई नेपालमण्डलमा प्राप्त मूर्तिहरूमा सर्वप्राचीन मानिएको छ (लैनसिंह बाङ्गदेल, २०३९, **प्राचीन नेपाली मूर्तिकलाको इतिहास**, नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, काठमाडौं : पृ.२४-२७) ।

एक सम्प्रदायको रूपमा जगन्नाथ मतको व्यापक प्रचार प्रसार सातौं शताब्दीदेखि हुनथालेको चर्चा माथि भइसकेको छ । जगन्नाथ मतको प्रचार प्रसारसँगै यसको प्रारूपणमा प्रेरक स्रोत रहिआएको गजलक्ष्मीको पूजोपासना परवर्तीकालहरूमा पनि रहिआएको देखिन्छ । लक्ष्मीपूजाका पावन अवसरमा गजलक्ष्मीका चित्रहरू टाँसेर राख्ने अद्यापि प्रचलित परम्परा संस्कार उदाहरणस्वरूप रहेको छ । भक्तपुर तुलाछेँटोलको जगन्नाथमन्दिरको उत्तरमा रहेको, पूर्वाभिमुख नौवटा ढुङ्गेधारा (गुपुहिति)हरूमध्येको एक ढुङ्गेधाराको माथि गजलक्ष्मीको सुन्दर प्रस्तरमूर्ति (विक्रमको सोह्रौं शताब्दी) छ । जगन्नाथमन्दिर परिसरमा गजलक्ष्मीको मूर्ति हुनु मात्र संयोग मान्न सकिन्न, यसले पनि प्रतीकात्मक रूपमा जगन्नाथ मतको प्रारूप, प्रतिमा निर्माण एवं विकासक्रममा गजलक्ष्मी प्रेरक रहिआएको संस्कार एवं औचित्यलाई एकसाथ स्मरण गराएको छ । यसलाई यस बारेको एक अतुल्य उदाहरणको रूपमा मान्न सकिन्छ । यस बारेमा बेग्लै, गहन अध्ययन हुन सकेमा थप महत्त्वपूर्ण कुरा प्रकाशमा आउने आशा छ ।



तुलाछेँटोल, जगन्नाथक्षेत्रस्थित पूर्वाभिमुख ढुङ्गेधारामाथि स्थापित **गजलक्ष्मी** (विक्रमको सोह्रौं शताब्दी, ४९x४१ सें.मि.)

सुन्दरता सुन भन्दा पनि सुन्दर कुरा हो जसलाई खोलले ढाक्नु अज्ञानता र मुर्खता हो । कैयन कालदेखि समृद्ध रहिआएको सम्पदाको कुरा पनि उस्तै हो । सम्पदा स्वयंमा सुन्दर र अद्वितीय हुन्छ । त्यसलाई अनावश्यक रूपमा झकिझकाउ पार्न खोज्दा सम्पदाको मौलिक प्राकृतिक गुण विशषेता मात्र नभएर त्योसित विकसित भएर आएको संस्कृति संस्कार पनि नष्ट हुन पुग्छ । पहिलो उदाहरण भक्तपुर राजदरबारको जगन्नाथका काष्ठमूर्तिलाई लिउँ । जगन्नाथपुरीको जस्तै प्राकृतिक रङ्गरोगन लाग्दै आएको जगन्नाथका मूर्तिहरूमा कुनै भक्तले (जगन्नाथमन्दिरका पूजारीका अनुसार) टिलिक्कै हुने गरी इनामेल पेन्ट गरिदिएपछि त्यसको मौलिक सुन्दरता नष्टप्रायः अवस्थामा पुगेको छ। श्वेत वर्णका बलराम/बलभद्रको मूर्तिमा सेतोको सट्टा पहेँलो रङ्गको इनामेल पेन्ट गरिएको छ । त्यसैगरी सुभद्राका आँखा पनि जगन्नाथमूर्तिका सुभद्राको जस्तो ठूलो, बाटुलो नभएर मान्छेका आँखा जस्तै हुन पुगेको छ ।

दोस्रो उदाहरण तःमाह्रिटोलको प्रस्तरनिर्मित जगन्नाथमूर्तिलाई लिउँ । निकै जीर्ण भएको जगन्नाथ मन्दिरको मूर्ति पनि चोरी भएको हुँदा यससित जोडिएर आएका संस्कृति एवं संस्कार पनि स्वतः लोप हुनपुग्यो । अहिले मन्दिरको पुनःनिर्माण भइसकेको छ र जगन्नाथका सुन्दर प्रस्तरमूर्ति पनि पुनःस्थापित भइसकेको छ । आशा छ, लोप भइसकेका यसका संस्कृति संस्कारले पनि पुनर्जीवन पाउने छ । पुरानो गयो, नयाँ आयो । यो पनि त आखिर भगवान् जगन्नाथ कृष्णकै लीला न हो । कलेवर फेरे जस्तै ।

तेस्रो उदाहरण तुलाछेँटोलको जगन्नाथलाई लिउँ । प्रस्तरनिर्मित, मानवकदका यी तीन मूर्तिहरूले मल्लकालीन प्रस्तरमूर्तिकलाको अति सुन्दर, अनुपम उदाहरण प्रस्तुत गरेको छ जसको सुन्दरताको प्रशंसा हामीले माथि पनि गरिसकेका छौँ । यी तीन सुन्दर शालीन मूर्तिहरू भने अहिले सांस्कृतिक संक्रमणको सङ्कटपूर्ण मारबाट गुज्रिरहेको देखिन्छ । अहिले यो मन्दिर इस्कन (ISKCON/कृष्ण चेतनाका लागि अन्तर्राष्ट्रिय समाज) समूहको सांस्कृतिक प्रभावमा परेको छ जसले गर्दा यसको अमूल्य भौतिक, अभौतिक सम्पदामा प्रतिकूल प्रभाव पर्न गएको देखिन्छ वा भनौँ यसको मौलिक संस्कृति संस्कार सुस्ताएर इस्कन-संस्कृति मौलाउन पुगेको छ । कुराको सुरूवात महास्नानबाट गरौँ । प्रत्येक वर्ष जेष्ठ शुक्ल पूर्णिमा अर्थात् 'ज्याः पुन्हि' को दिनमा जगन्नाथमूर्तिको महास्नान संस्कार गरिन्छ । महास्नान गर्दा मूर्तिको प्राण झिकेर कलशमा राख्ने विधान गरिन्छ । सो कलश गर्भस्थानको ईशानकोणमा रहेको तीन प्रस्तर पद्माकृतिमा प्रतिष्ठापन गरिन्छ र प्रतिपदासम्म मन्दिरका पूजारीले मूर्तिमा नभएर सो कलशमा भगवान् जगन्नाथको नित्यपूजा गर्छन् । भोलिपल्ट सम्बद्ध गुठीका 'खिं बाजा' र 'हाडा' थर भएका तीनजना व्यक्तिहरू आएर, प्रत्येकले एउटा मूर्ति गरी तीनजनाले तीनवटै मूर्तिहरूमा गत वर्ष मूर्तिमा लगाएको रङ्गरोगन शिरदेखि पाउसम्म धोएर पखाल्छन् र नयाँ रङ्गरोगन लगाउन सुरू गर्छन्, प्रतिपदासम्ममा तीनवटै मूर्तिमा रङ्गरोगन लगाउने काम पूरा हुन्छ । त्यस अवधिमा मन्दिरका पूजारीले मूर्तिमा नभएर कलशमा पूजा गर्छन् । आषाढ शुदि द्वितीयाको दिनमा होम गरी तान्त्रिक विधिपूर्वक कलशमा राखेको 'प्राण'लाई झिकेर मूर्तिमा पुनः प्रतिष्ठापन गरेर, वर्षबन्धन पूजा गरी मनाउने

जसलाई वासुदेव, एकानंशा र सङ्घर्षण मानिएको छ। **वासुदेव** (वासुदेव-कृष्ण/कृष्ण-वासुदेव/कृष्ण), **एकानंशा** (सुभद्रा) र **सङ्घर्षण** (बलराम) कै परवर्तीकालमा लोकप्रिय हुनपुगेका नाम **कृष्ण सुभद्रा** र **बलराम** हुन् जुन 'जगन्नाथ' का रूपमा मूर्तिमान हुनपुगेको विदित हुन्छ। त्यसैगरी **चट्टानचित्र**मा आयुध धारण गरेका **बलराम**, **वासुदेव** र **एकानंशा**का आकृति कुँदिएका छन्।

एकानंशाका केही उल्लेख्य अवतरण एवं रूपान्तरण : योगमाया, विष्णुको शक्ति लक्ष्मी, इन्द्र विष्णुकी बहिनी, विमला, अर्जुनपत्नी सुभद्रा, विष्णुसित सम्बन्धित मोहमायाको शक्ति : सरस्वती, कालरात्रि, दुर्गा आदि रहेको कुरा **हरिवंश**, **ब्रह्मवैवर्त्त** लगायतका पौराणिक साहित्यका आधारमा जानिन्छ। **महाभारत**को खिल मानिएको **हरिवंश पुराण**मा एकानंशाको दायाँ बायाँ रहेका बलराम र कृष्णको तुलना गज (हात्ती) सित गरिएको छ। यस बारेमा जोशी लेख्छन् (२०७०, पृ.३२८):

मौर्यकालीन आहतमुद्रा, ई.पू.चौथो-दोस्रो शताब्दी, जगन्नाथका प्रारूप : **वासुदेव, एकानंशा र सङ्घर्षण**। स्रोत : गुगल, विकिपेडिया।

चट्टानचित्र, ई.पू.तेस्रो-दोस्रो शताब्दी, जगन्नाथका प्रारूप : **बलराम, वासुदेव** र **एकानंशा**। स्रोत : गुगल, विकिपेडिया।

स्वागत पायो । श्री जगन्नाथमन्दिर प्रशासनले यसको निमित्त विशेष व्यवस्था समेत गरेको थियो । राजाको दर्शनपुजनका क्रममा पुरी जगन्नाथमन्दिर सर्वसाधारण भक्तजनका निमित्त तीनघण्टाका लागि बन्द गरिएको थियो भने त्यस क्षणमा मन्दिरको दक्षिणद्वार बाहेक अन्य तीन द्वार बन्द गरिएको थियो । राजाले त्यही द्वारबाट प्रवेश गरी मन्दिरको रत्न सिंहासनमा विराजमान भएर तीनओटा शालिग्राम र सुनको सिक्का भगवान् श्री जगन्नाथलाई चढाएका थिए । स्मरण रहोस् ! रत्नसिंहासनमा बस्ने, पूजा गर्ने अति नै दुर्लभ विशेषाधिकार मन्दिरका मूल पूजारी र नेपालका राजालाई मात्र छ, श्री जगन्नाथका प्रथम सेवक मानिने पुरीकै गजपति राजालाई समेत पनि छैन ।

भारतीय संचारमाध्यमहरू (टेलिभिजन, पत्रपत्रिका, अखबार, युट्यूब इत्यादि)ले राजाको जगन्नाथ दर्शनपुजनलाई उच्च महत्त्व एवं सम्मानका साथ, विशेष समाचारको रूपमा व्यापक प्रचार प्रसार गरे । **THE TIMES OF INDIA** ले यस बारेमा प्रेषित गरेको समाचारको एक अंश यस प्रकार छ (स्रोत : गुगल):

Centuries-old religious bond between the royal family of Nepal and the Jagannath temple of Puri was honoured once again on Sunday when erstwhile Nepal king Gyanendra Bir Bikram Shah Deb offers prayers from the throne of the shrine. Praying from the temple's throne is a rare privilege, accorded only to a select few priests and the Nepal king. Even the king of Puri is not alloewed to gain access to the throne.

The Indian Express, (Feb 11, 2018) ले यस बारेको, उक्त दिनमा प्रेषित गरेको समाचारको अंश पनि उदाहरणस्वरूप यहाँ प्रस्तुत गर्नु थप सान्दर्भिक देखिन्छ जुन यस प्रकार छ (स्रोत : गुगल) :

The last King of Nepal Gyanendra Bir Bikram Shah Dev today visited Shree Jagannath Temple in Puri and paid obsanse to the deities by offering special puja.

King Gyanendra entered the 12th century shrine in the seaside pilgrim town along with Gajapati King of Puri Dibyasingha Deb through the south gate after the latter went in and preformed the puja.

The Nepal King also offered three rare 'Salagrams' (ammonite) and a gold coin. FI prayed for peace across the world," the last Nepal king said adding that he also prayed for strengthening of friendly ties between his country and India.

The Shri Jagannath Temple Administartion (SJTA) had made special arrangements in view of the visit of the Nepal king. The temple remained closed for devotees for around three hours for the smooth conduct of rituals by him.

The king of Nepal has the special privilege of performing 'aarti' of Shree Jagannath atop the 'Ratna Singhasan' (Podium).

The king of Nepal has special seva and rituals in the three important shrines like Shree Jagannath Temple at Puri, Lingaraj Temple at Bhubaneswar and Sakhigopal Temple at Sakshigopal.

The deep spiritual ties between Odisha and Nepal are held in great reverence by the

king. Adi Shankaracharya had established the rituals and practices in both the Jagannath and Pashupatinath temples.

Nepal comes under the spiritual jurisdiction of the Puri Shankaracharya's Govardhan Math.

जगतका एकमात्र हिन्दुराजा ज्ञानेन्द्र : जगन्नाथपुरीमा । चित्र साभार : गुगल ।

यस प्रकार राजसत्ता एवं राज्यतन्त्रको अन्त्य सुनिश्चित छ तर त्यो युगमा आविर्भाव एवं विकसित भएको संस्कृति सुस्ताउँदो रहेनछ, बरू परम्पराको रूपमा पछिसम्म पनि जीवन्त भई रहिरहँदो रहेछ भन्ने कुरा पूर्वराजा ज्ञानेन्द्रको जगन्नाथपुरीको भ्रमण एवं दर्शनपुजन र उनलाई भारतवासीले गरेको राजकीय सम्मान एवं व्यवहारबाट निश्चित रूपले अनुभूत गर्न सकिन्छ । यो निःसन्देह सामान्य कुरा होइन, विशेष महत्त्वको अतुल्य उदाहरण हो । यो पनि नेपाल राष्ट्र एवं नेपालीकै लागि इज्जत, सम्मान एवं गौरवको कुरा हो । किनभने चाहे हिजोको राजतन्त्रात्मक नेपालका राष्ट्रप्रमुख होस् वा आजको गणतान्त्रिक नेपालका राष्ट्रप्रमुख ! अरूको मुलुकमा जाँदा राष्ट्रप्रमुखलाई जुन सम्मान र इज्जत मिल्छ, त्यो देश र देशवासीप्रतीको सम्मान र इज्जत हो भन्ने कुरालाई बिर्सनु हुन्न । देशमा आएको राजनैतिक परिवर्तन एवं वर्तमान राजसत्ता र राज्यतन्त्रका दृष्टिले पूर्वराजा ज्ञानेन्द्रको हैसियत एक आम नेपाली हो । भारत सरकारको दृष्टिमा पनि उनी मात्र एक नेपाली तीर्थयात्री हुन् । तर भारतको सांस्कृतिक संसारले उनलाई विश्वकै एकमात्र हिन्दूराजाको रूपमा स्वागत-सत्कार गरे, विष्णु/जगन्नाथकै मानव अवतारको रूपमा भारतवासीले उनको दर्शन गरे । वर्तमान नेपाल र भारतका राष्ट्रप्रमुखहरूको त कुरै छाडौँ, भारत पुरीका गजपति राजालाई समेत पनि जगन्नाथमन्दिरको रत्नसिंहासनमा बसेर पूजा गर्ने विशेषाधिकार छैन, नेपालका राजालाई मात्र प्राप्त त्यो दुर्लभ विशेषाधिकार, सत्ता गुमाएका पूर्वराजाले त्यसपछि

चलन छ । तर इस्कन समूहले यसको सांस्कृतिक मर्म र महत्त्वलाई बेवास्ता गरी आधुनिक 'पर्मानेन्ट कलर' ले झिलिक्क टिलिक्क हुनेगरी टल्काइदिएपछि एकातिर मूर्तिको मौलिक सुन्दरता हराउन पुगेको छ भने अर्कोतिर प्रत्येक वर्ष प्राकृतिक रङ्गरोगन गर्नुपर्ने विधिविधान, संस्कार संस्कृति लोप हुन पुगेको छ। अर्को कुरा, इस्कन समूहले जगन्नाथमूर्तिको शिरदेखि पाउसम्म वस्त्र आभूषणले ढाकेर अनावश्यक अलंकरण गरीदिँदा पनि मूर्तिको स्वाभाविक सुन्दरतामा प्रतिकूल असर पर्न गएको छ । स्थानीय लोकजीवनमा यी तीन मूर्ति 'कृष्ण, सुभद्रा, बलराम/बलभद्र' र त्यसैगरी 'कृष्णभद्र, सुभद्र, बलभद्र' भनेर पनि पुकार्दै आएका छन् । तर इस्कनले यसमा पनि अतिक्रमण गरी आफूखुसी नाम 'जगन्नाथ, सुभद्रा बलदेव' भनी मूर्तिको पादपीठमा लेखेर झण्डै नामै परिवर्तन गरी टाँसेर राखेका छन् ।

भारतका जगन्नाथ हुन् वा भक्तपुरको, स्थानीय हुन् वा गैर स्थानीय, एक सामान्य हिन्दु होस् वा इस्कन जस्तो संसारभर फैलिएको हिन्दू धार्मिक समूह, सबैलाई दर्शनपुजन गर्ने, भजनकीर्तन गर्ने स्वतन्त्रता छ। तर सिँगो मन्दिरलाई नै प्रभावमा लिएर आफूखुसी गर्ने हैसियत र अधिकार कसैलाई हुँदैन । यदि कसैले त्यसो गर्छ भने त्यो अतिक्रमण हो, मौलिक संस्कृतिमाथिको हस्तक्षेप हो । त्यस प्रकारको हस्तक्षेप, अतिक्रमण तत्काल हट्नुपर्छ र ओझेलमा पर्न गएको मन्दिरको पुरानो संस्कृति संस्कारलाई पुनःजीवित गर्नुपर्छ। नेपालको पनि आफ्नै **राष्ट्रिय संस्कृति नीति** छ, **प्राचीन स्मारक संरक्षण ऐन** छन् भन्ने कुरालाई बिर्सनु हुन्न ।

सत्ता र संस्कृति

परिवर्तन कालको मूल नियम हो । लाग्छ, यस नियमको अपवाद संस्कृति मात्र हो सत्ता भने होइन । उत्थान र पतन एवं परिवर्तन राजसत्ता, राज्यतन्त्रका मूल चरित्र हुन् । इतिहासलाई फर्केर हेरौँ न ! गोपालहरू आए, गए । किरातहरू आए, गए । लिच्छविहरू आए, गए । मल्लहरू आए, गए । शाहहरू पनि आए र गए । वंश फेरिए तापनि राज्यतन्त्र भने राजतन्त्रात्मक नै रहिआएको थियो । आखिर त्यसको पनि दिन आयो र गयो । २०६५ जेष्ठ १५ बुधवार (28 May 2008) : शाहवंशको राजसत्तासँगै सदियौँदेखि चलिआएको राजतन्त्रात्मक शासनपद्धतिको अन्त्य पनि स्वतः यसै दिनमा भयो र देश गणतान्त्रिक राज्यतन्त्रतर्फ उन्मुख भयो । पूर्वराजा ज्ञानेन्द्र शाहवंशका मात्र नभएर इतिहासको उषाकालदेखि चलिआएको राजतन्त्रात्मक व्यवस्थाकै अन्तिम शासकका रूपमा इतिहासमा अभिलिखित हुनपुगे । तर सदियौँदेखि राजतन्त्रसँगसँगै अभिन्न रूपले आबद्ध रहिआएको संस्कृति भने समाप्त भएन, परम्पराको रूपमा उस्तै जीवन्त रहिआएको छ । २०७४ माघ २८ आइतबार (11 Feb. 2018) पूर्वराजा ज्ञानेन्द्रले भारत, पुरीका भगवान् श्री जगन्नाथको दर्शनपुजन गरेको खास दिनलाई यस कुराको पुष्टिका लागि ज्वलन्त उदाहरणको रूपमा लिन सकिन्छ । विशेषगरी नेपाल र भारत लगायत विश्वका कुनाकाप्चामा रहेका हिन्दूहरूका लागि उक्त दिन अविस्मरणीय ऐतिहासिक दिनको रूपमा रह्यो । पूर्वराजाको पुरी जगन्नाथयात्रा, दर्शनपुजनले राजतन्त्रकालमा जस्तै गरी पूर्ववत् उच्च राजकीय सम्मान र

पनि गुमाएनन्, त्यही अति नै दुर्लभ विशेषाधिकारका साथ उनले श्री जगन्नाथको दर्शनपुजन गरे। यताबाट यो कुरा सुस्पष्ट हुन्छ : सत्ता सकिन्छ, संस्कृति रहिरहन्छ। जगन्नाथपुरीमा भारतको नभएर नेपालको विशेषाधिकार रहिआएको कुरा पनि यसै सन्दर्भमा बोध हुन्छ।

देशलाई जोड्ने देवता जगन्नाथ पनि हुन्। विशेषगरी प्राचीनकालदेखि नै नेपाल र भारतबीच रहिआएको सुमधुर सम्बन्धलाई संझाइराख्ने, देशको भौगोलिक दूरीलाई मनको डोरीले खिच्दै, राज्यसीमा नाघेर एक आपसमा समीप ल्याइराख्ने धार्मिक-सांस्कृतिक सेतु रहिआएका देवताहरू हुन् : दुबै देशका जगन्नाथहरू। जसरी भारतका हिन्दुहरू कम्तिमा पनि जीवनमा एकपल्ट नेपालको पशुपतिनाथ दर्शनपुजन गर्न आउँछन् उसैगरी नेपालका हिन्दुहरू पनि भारतको जगन्नाथपुरी दर्शनपुजन गर्न जान्छन्। ईश्वर एक नाम अनेक, जस्तो देवता उस्तै नाम, जगतका नाथ **श्री जगन्नाथ** !!!



श्री जगन्नाथपुरी, उडीसा, भारत। चित्र साभार : गुगल।